महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

पत्र संख्याः २०७६।७७
च.नं. ८६

मितिः २०७६।१२।९

विषयः **लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
राजगढ गाउँपालिका,
नर्घो, सप्तरी ।

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस गाउँपालिकाको आर्थिक वर्ष २०७५/७६ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७६/११/३ मा छलफल पश्चात् तयार गरिएको पाना (२६) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

गाउँपालिकाबाट पेश भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७(१) बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा ऐनको दफा ३७(४) बमोजिम कारबाहीका लागि लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

(नारायण प्रसाद अधिकारी)
लेखापरीक्षण अधिकारी

बोधार्थ तथा कार्यार्थः
श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौं :- प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
सप्तरी :- प्रतिवेदन संलग्न छ ।

Scanned with CamScanner

लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

कार्यालय र स्थान: राजगढ गाउँपालिकाको कार्यालय,नर्घो सप्तरी ।

आर्थिक वर्ष : २०७५।७६

पदाधिकारी		अवधि		बेरुजु रकम
		देखी	सम्म	
प्रमुख प्रशासकिय अधिकृत	धिरेन्द्र कुमार यादब	२०७५।४।१	२०७५।५।२४	४५५०८४४६.२९
	राजिब कुमार झा	२०७५।६।५	२०७५।३।३१	
लेखा प्रमुख	सत्रोहन दास	२०७५।४।१	२०७६।३।३१	

लेखापरीक्षण तथा छलफल: गाउँपालिकाको मिति २०७६।१०।२० देखि ५ कार्यदिनमा स्विकृत इकाईगत लेखापरीक्षण योजना, नमुना छनौट र लिखित प्रतिनिधित्व पत्रको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा उपर गाउँकार्यपालिकाबाट प्राप्त जवाफ र मिति २०७६।११।३ को व्यवस्थापनसंगको बहिर्गमन बैठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । आर्थिक कारोबार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ । छलफल गरी कायम भएका व्यहोरा निम्नानुसार छन् :-

परिचय: स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस गाउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्बद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै गाउपालिका स्थापनाको प्रमुख उदेश्य हो । २ नं. प्रदेशमा अवस्थित यस गाउपालिका अर्न्तगत ६ वडा, ३४ जना सभा सदस्य रहेका छन् । ४७.९ व.की.मी.क्षेत्रफल ओगटेको यस गाउपालिकाको जनसंख्या २९ हजार ४५९ जना रहेको छ ।

लेखापरिक्षणको क्रममा असुली: धार्मीक स्कुलमा बढि गएको पारीश्रमिक भुक्तानी रु ४०१६८। र घटी दाखिला भएको आम्दानी रु ९७०४३ र बढि खर्च लेखिएको सामाजिक सुरक्षा रु ९५९५३।०० गरी ले.प.को क्रममा रु २३३१६४।०० असुलि भै बेरुजु तथा आय खातामा दाखिला गरिएको छ ।

१. **बित्तिय बिबरण र संञ्चित कोषको अवस्था :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम राजगढ गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनको क्रममा भएका-व्ययहरुको आय-व्यय हिसावको आर्थिक वर्ष २०७५।७६ को समग्र स्थानिय एकिकृत सञ्चित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ :

Scanned with CamScanner

एकिकृत सञ्चित कोषको विवरण
राजगढ गाउपालिकाको कार्यालय
नर्घो,सप्तरी

आथिंक वषं: २०७५।७६

सि.नं.	आयतर्फ		सि.नं.	व्ययतर्फ	
	विवरण	रकम		विवरण	रकम
१	गत वर्षको जिम्मेवारी		१	गाउँपालिका पुँजीगत (समानीकरण, राजश्व बाँडफाँड, आन्तरिक)	५१३२१५५४.००
१.१	नगद		२	गाउँपालिका चालु (समानीकरण, राजश्व बाँडफाँड, आन्तरिक)	६०५१६८२५.५२
१.२	वैंक	६६०२०४८४.२१	३	आ.व.२०७४।०७५ को शर्सत र हस्तान्तरित रकम फिर्ता	०
२	आन्तरिक राजश्व	३७८२९२.२०	४	**संघिय सर्शत अनुदान**	०
३	अन्तर स्थानिय तह	०	४.१	आयुर्वेद	१७००६८५.४०
४	संघिय वित्तीय समानिकरण अनुदान	१०१४०००००.००	४.२	कृषि	२१३९०४९
५	प्रदेश वित्तीय समानिकरण अनुदान	२४७३०००.००	४.३	बन तथा वातावरण	०
६	संघिय राजश्व बाँडफाँड	५१३४७९५५.८	४.४	पशु	११६३०००.००
७	प्रदेश राजश्व बाँडफाँड	२५९००००.००	४.५	महिला तथा वालवालिका कार्यक्रम	४१६५९७.००
८	**संघिय सर्शत अनुदान**	०	४.६	शिक्षा	५११३५३१३.२८
८.१	आयुर्वेद	२२३४०००.००	४.७	स्वास्थ्य	१८२२८६८४.८
८.२	कृषि	३७०४०००.००	४.८	राष्टिय ग्रामिण तथा नविकरणीय कार्यक्रम	०
८.३	खेलकुद विकास कार्यक्रम	०	४.९	समाज कल्याण कार्यक्रम	०
८.४	पशु	११६३०००.००	५	प्रदेश सर्शत अनुदान	१६५००००.००
८.५	महिला तथा वालवालिका कार्यक्रम	८६१०००.००	६	स्थानीय पुर्वाधार विकास कार्यक्रम	२५३२७४६.००
८.६	शिक्षा	५७३३५०००.००	७	जेष्ठ नागरीक दिर्घ सम्मान (सा.सु.)	४६४८५०००.००
८.७	स्वास्थ्य	१४४५६०००.००	८	प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम	३०४८७५.००
८.८	राष्टिय ग्रामिण तथा नविकरणीय कार्यक्रम	१०२३०००.००	९	सडक वोर्ड नेपाल	०
८.९	बन तथा बाताबरण कार्यक्रम	२५१०००.००	१०	तराई मधेश समृद्ध कार्यक्रम	०
९	प्रदेश सर्शत अनुदान	१६५००००.००	११	राष्टपति चुरे संरक्षण कार्यक्रम	०
१०	स्थानीय पुर्वाधार विकास कार्यक्रम	३५०००००.००	१२	प्रधानमन्त्री रोजगार कार्यक्रम	३२६८४७६.००
११	जेष्ठ नागरीक दिर्घ सम्मान (सा.सु.)	४६४८५०००.००	१३	बहुक्षेत्रिय पोषण कार्यक्रम	१२२८३५०.००
१२	प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम	३०४८७५.००	१४	अर्थ बजेट(सञ्चित बिदा रऔषधि उपचार)	०
१३	सडक वोर्ड नेपाल	०	१५	धरौटी फिर्ता	२९३८००.००
१४	अर्थ बजेट(सञ्चित बिदा रऔषधि उपचार)	०	१६	सर्शत र हस्तान्तरित अनुदान रकम फिर्ता दाखिला	०
१५	राष्टपति चुरे संरक्षण कार्यक्रम	०	१७	**मौज्दात**	०
१६	प्रधानमन्त्री रोजगार कार्यक्रम	३२६८४७६.००	१७.१	वैंक मौज्दात	११९९३३६१०.३०
१७	बहुक्षेत्रिय पोषण कार्यक्रम	१२९८०००.००	१७.२	नगद मौज्दात	०
१८	कर दाखिला गर्न बाकी	२८१६८३.०९	१८	धरौटी मौज्दात	२३६८२८.००
१९	धरौटी	५३०६२८.००	१९		०
	जम्मा	३६२५५५३९४.३		**जम्मा**	३६२५५५३९४.३०

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका ब्यहोरा</th><th>बेरुजु रकम</th><th>फछ्र्यौटको विवरण</th></tr>
<tr><td></td><td>संचित कोषको आय /ब्यय हिसावको लेखापरीक्षण गर्दा देखिएका व्यहोरा निम्नअनुसार रहेका छन्</td><td></td><td></td></tr>
<tr><td>२.</td><td>अनुदान फिर्ता :अर्थ मन्त्रालयको मिति २०७५ ।२ ।२७ मा स्थानिय तहलाइ दिएको आर्थिक बर्ष २०७५।७६ को अन्तर सरकारी बित्तिय हस्तान्तरण सम्बन्धित ब्यवस्था र मार्गदर्शनको बुदा ७ ले सशर्त,समपुरक र बिशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभइ बचत भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत संधिय सञ्चित कोषमा दाखिला गनुपर्ने ब्यवस्था गरेकोमा देहाय बमोजिम सशर्त,समपुरक र बिशेष अनुदानको रकम रु ११०५३२५९.३२ असार मसान्तसम्म खर्च नभई देहाय बमोजिम स्थानीय सञ्चित कोषमै बाँकी रहेकोले संघीय सञ्चित कोष /प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने देखिएको रु
<table>
<tr><th>ब.उ.शि.नं</th><th>कार्यक्रमको नाम</th><th>बजेट</th><th>निकासा</th><th>खर्च</th><th>बाकी</th></tr>
<tr><td></td><td>स्थानिय पूर्वाधार बिबरण कार्यक्रम</td><td>३५०००००</td><td>३५०००००</td><td>२५३२७४६.००</td><td>९६७२५४</td></tr>
<tr><td></td><td>बहुक्षेत्रिय पोषण कार्यक्रम</td><td>१२९८०००</td><td>१२९८०००</td><td>१२२८३५०.००</td><td>६९६५०.००</td></tr>
<tr><td></td><td>संधिय शसर्त अनुदान</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td></td><td>आयुर्बेद</td><td>२२३४०००</td><td>२२३४०००</td><td>१७००६८५.४०</td><td>५३३३१४.६०</td></tr>
<tr><td></td><td>कृषि</td><td>३७०४०००</td><td>३७०४०००</td><td>२१३९०४९</td><td>१५६४९५१.००</td></tr>
<tr><td></td><td>महिला तथा बालबालिका</td><td>८६१०००</td><td>८६१०००</td><td>४१६५९७</td><td>४४४४०३.००</td></tr>
<tr><td></td><td>शिक्षा</td><td>५७३३५०००</td><td>५७३३५०००</td><td>५११३५३१३.२८</td><td>६१९९६८६.७२</td></tr>
<tr><td></td><td>बन तथा वातारण</td><td>२५१०००</td><td>२५१०००</td><td>०</td><td>२५१०००</td></tr>
<tr><td></td><td>राष्टिय ग्रामिण तथा नविकरणीय</td><td>१०२३०००</td><td>१०२३०००</td><td>०</td><td>१०२३०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>७०२०६०००</td><td>७०२०६०००</td><td>५९१५२७४०.६८</td><td>११०५३२५९.३२</td></tr>
</table></td><td>११०५३२५९.३२</td><td></td></tr>
<tr><td>३.</td><td>खर्च खाताको मौज्दातः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७५ मा एक आर्थिक बषम खर्च हुन नसकि बाकी रहेको रकम आर्थिक बर्षको अन्तमा गाउपालिकाको सञ्चितकोषमा स्वत ट्रान्सफर हुने ब्यवस्था भएकोमा गाउपालिकाले यस आर्थिक बर्षमा खर्च हुन नसकि बाकी रहेको रकम सञ्चितकोषमा स्वत ट्रान्सफर नगरी चालु खर्च खाता र पुजिगत खर्च खाता गरी रु ९९०७१९५०।३७(बैक रिकन्साइल नभएको) मौज्दात राखेको देखिएको छ। ऐनको ब्यबस्था बमोजिम आर्थिक बर्षको अन्तमा खर्च हुन नसकि बाकी रहेको रकम गाउपालिकाको सञ्चितकोषमा दाखिला हुनुपर्दछ।</td><td></td><td></td></tr>
<tr><td>४.</td><td>संचित कोषको कारोबारः स्थानीय सरकारको संचित कोष खाता ननअपरेटीङ हुनु पर्दछ। यस खाताबाट चेक मार्फत कारोबार गर्न पाईदैन केवल ट्रान्सफर लेटर मात्र प्रयोग गर्नु पर्दछ। तर यस गाउँपालिकामा मूल संचित कोष खाताको चेक मार्फत समेत कारोबार भएकोले संचित कोष खाताको रकम झिक्न सकिने अवस्था देखिन्छ। यस्तो कमजोरी हटाई आन्तरिक नियन्त्रण व्यवस्था सुधार गर्न अविलम्ब ट्रान्सफर पद्दतीको अवलम्बन हुनु पर्दछ।</td><td></td><td></td></tr>
<tr><td>५.</td><td>खाता बन्द : आर्थिक वर्षको अन्तमा श्रेस्ता व्यवस्थित गर्न, वार्षिक वित्तिय प्रतिवेदन तयारी गर्नका लागि बैंक खाता बन्द गरी हिसाब मिलान गर्ने व्यवस्था र प्रचलन विपरित फ्रीज नहुने मुल खाताबाट आर्थिक वर्ष सकिएको २८ दिन सञ्चित कोष शिर्षकबाट रु २ करोड चालु खाता/तथा पुजिगत खातामा ट्रान्सफर गरी खर्च गरेको देखिन्छ। यसरी पहिलेको मिति राखी आर्थिक वर्ष सकिए पछि खर्च लेख्ने परिपाटीमा सुधार हुनुपर्दछ</td><td></td><td></td></tr>
<tr><td>६.</td><td>बैङ्क हिसाब समायोजनः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ मा प्रत्येक कार्यालयले आर्थिक कारोबारको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ। गाउँपालिकाको २०७६ आषाढ मसान्तमा श्रेस्ता र बैंकको मौज्दात फरक देखिएकोमा बैंक हिसाब समायोजन विवरण (म.ले.प.फा.नं.१५) तयार गरेको देखिएन। गाउँपालिकाको श्रेस्ता अनुसार</td><td></td><td></td></tr>
</table>

Scanned with CamScanner

सञ्चितकोषको मौज्दात रु ११९९३३६१०.३० देखिएकोमा वैंक अनुसार रु १८८४५८७७५.५३ मौज्दात देखिएको छ । श्रेस्ता भन्दा रु ६८५२५१६५.२३ वैंक बढि भएकोमा वैंक हिसाव समायोजन विवरण तयार गरी एकिन गरी आम्दानी बाध्नुपर्ने देखिन्छ ।

बैंकको नाम	खातानंवर	बैक अनुसार आषाढ मसान्तको मौज्दात
राष्ट्रिय बाणिज्य बैक	२१८०३०४०१८११६ सञ्चित कोष	८९३८६८२५.१६
राष्ट्रिय बाणिज्य बैक	२१८०३०२०२६२१६ पुजिगत खर्च खाता	५२५३९८५४.२७
राष्ट्रिय बाणिज्य बैक	२१८०३०२०२६२१६ चालु खर्च खाता	४६५३२०९६.१०
	जम्मा	**१८८४५८७७५.५३**

७. **विद्युतिय लेखा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने ब्यबस्था भएको र महालेखा नियन्त्रकको कार्यालयले निशुल्क रुपमा Sub National Tresury Regulatory application (SUTRA) सवै पालिकाहरुलाई उपलव्ध गराई २०७५।४।१ देखिनै SUTRA प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था गरेको भएपनि यस गाउँपालिकाले २०७५।७६ मा SUTRA प्रयोग गरी लेखा राखेको देखिएन ।

८. **लेखा ढाँचाको प्रयोग** : नेपालको संविधानको धारा २४१ मा नेपालको सरकारी लेखाको लेखापरीक्षण महालेखा परीक्षकले गर्ने र यसरी लेखा परीक्षण गरिने लेखा संघिय कानुन बमोजिम महालेखापरीक्षकले तोकेको ढाँचामा राखिने व्यवस्था छ । त्यसैगरि आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) मा समेत स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षक बाट स्वीकृत भएबमोजिमको ढाँचामा राख्नु पर्ने व्यवस्था छ। सोहि अनुसार एकिकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) बमोजिम संघ, प्रदेश र स्थानीय तहका फारामहरु महालेखापरीक्षकबाट स्वीकृत भएको छ । स्वीकृत ढाँचाको वित्तिय प्रतिवेदनमा प्राप्ती भुक्तानी हिसाव, सरकारी आम्दानी र खर्च कारोवारको वजेट तुलनात्मक प्रतिवेदनलाई पुष्टी गर्ने गरी विभिन्न लेखा टिप्पणीहरु जस्तै संचित कोषको अवस्था, आन्तरिक राजश्व, संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान, ऋण प्राप्ती तथा साँवा व्याज भुक्तानी भएमा, वितरण गर्न बाँकी राजश्वको विवरण, धरौटी तथा कोषहरु, संघीय सरकार प्रदेश सरकार वा आय व्यक्ति संस्थाका कार्यक्रम खर्च, सोझै भुक्तानी र वस्तुगत सहायता, संचित कोषबाट भएका खर्च भुक्तानी, आयोजना र कार्यमा खर्च (सशर्त अनुदान) भुक्तानी दिन बाँकीको विवरण, फिर्ता गर्न बाँकी अनुदान, फिर्ता लिन बाँकी अनुदान, पेश्की बाँकी वैंक तथा नगद बाँकी र अन्य सम्पतिहरु जस्ता लेखा टिप्पणीहरुको व्यवस्था गरेको छ । यो वर्ष यस गाउँपालिकाले उपर्युक्त ढाँचा अनुसारको वित्तीय प्रतिवेदन तयार गरेको छैन ।साथै यस बर्ष एकिकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ बमोजिम बजेट सिट (म.ले.प.फ.नं ८) तयार.गरी सो बमोजिम सबै उपशिर्षकको खर्चको फाटबारी (म.ले.प.फ.नं १३) ,पेश्की बाकीको बिबरण (म.ले.प.फ.नं १४) र बैक हिसाव मिलान बिबरण (म.ले.प.फ.नं १५) प्रतिबेदन नगरेकोले .स्विकृत बजेट बमोजिम यथार्थ खर्च भए नभएको एकिन गर्न सकिएन । स्वीकृत ढाँचामा लेखा राख्ने र प्रतिवेदन गर्ने व्यवस्था कार्यान्वयन गरी आर्थिक अनुशासन पालना हुनु पर्दछ ।

९. **सञ्चित कोषको चौमासिक विवरण** : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६(५) मा गाउँपालिकाले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन । तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ ।

१०. **कर दायित्व:**बैक नगदी किताबको बिबिध खातामा २०७६ आषाढ मसान्तमा दाखिला गर्न बाकी राजश्व बाडफाड,समानिकरण सशर्तको बिबिध खातामा रहेको लेखापरीक्षणको अवधिमा दाखिला गर्न बाकी देखिएको कर रु १२२३७३३.०० राजशको सम्बन्धित शिर्षकमा दाखिला गर्नुपर्ने रु — १२२३७३३.००

Scanned with CamScanner

११.	**सञ्चित कोषमा दाखिला :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धि आदेश, २०७४ को दफा ६३ अनुसार गाउँपालिकाको स्थानीय सञ्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सबै बाँकी रकम सम्बन्धित स्थानिय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि साविकका गाउँ विकास समिति र वडाहरुले आर्थिक वर्षको अन्त्यमा बाकि रहेको रकम सञ्चित कोषमा दाखिला गरेको नदेखिएकोले आदेशको पालना गरी उक्त रकम संचित कोषमा दाखिला गरिनु पर्दछ ।		
१२.	**आवधिक योजना:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(१) मा गाउँपालिकाले आफैनो अधिकार क्षेत्रका भित्रका बिषयमा स्थानिय स्तरको बिकासका लागी आबधिक,रणनैतिक बिषय क्षेत्रगत मध्यकालिन तथा दिर्धकालीन योजना बनाइ लागुगर्नुपर्ने ब्यबस्था भएकोमा ऐन लागू भएको २ बर्ष ब्यतित हुदा पनि आवधिक योजना तयार गरेको पाइएन । ऐनमा भएको ब्यबस्था बमोजिम प्राथमिकताका क्षेत्र निर्धारण गरी आवधिक योजना तयार गरीनुपर्दछ ।		
१३.	**मध्यकालिन खर्च संरचना :** अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्यक्षेत्रभित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपण सहित मध्यकालिन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउने यस्तो विधि कार्यान्वयनमा ल्याएको छैन । खासगरी स्रोत छर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न, स्रोतसाधनलाई प्राथमिकता प्राप्त क्षेत्रमा प्रवाह गर्न तथा योजनाहरुलाई लाभलागत विश्लेषण गरी लागत प्रभावकारी बनाउन मध्यकालिन खर्च संरचनालाई कार्यान्वयन गर्न गाउँपालिकाले ध्यान दिनु पर्दछ ।		
१४.	**स्थानिय राजश्व परामर्श समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ मा राजश्वका श्रोत दर दायरा समेत बिश्लेषण गरी आगामी आर्थिक बर्षमा प्राप्त हुन सक्ने राजश्को अनुमान गर्न समेत राजश्व परामर्श समिति रहने ब्यबस्था रहेको र समितिको बैठकमा सम्बन्धित क्षेत्रको विज्ञ तथा सरोकारवालाई समितिको बैठकमा आमन्त्रण गर्न सकिने व्यवस्था गरेको छ । गाउपालिकाको राजश्व परामर्श समितिले आफ्ना निर्णयहरु प्रभावकारी बनाउन परामर्श समितिको बैठक सञ्चालन कार्यविधी हालसम्म पनि नबनाएको पाईएको हुँदा उक्त कार्यविधि बनाउनु पर्दछ । साथै स्थानिय आयश्रोतको लागी सार्बजनिक पोखरी तथा अन्य श्रोतको लगत अद्यावधिक गरीनुपर्दछ ।		
१५.	**स्रोत अनुमान तथा बजेट सीमा-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्ने ७ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा बजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानूनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याइए तापनि ठुला पूर्वाधार क्षेत्रलाई बजेटको प्राथमिकतामा राखेको देखिएन । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा बजेट व्यवस्थापन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।		
१६.	**बार्षिक बजेट स्विकृति:-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र गाउँसभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय-व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय-व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ। गाउँसभाले चालु आर्थिक वर्षको आय-व्ययको अनुमान र आगामी आर्थिक वर्षमा सञ्चालन हुने योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण कानूनले निर्धारण गरेको मिति भन्दा ९ महिना २६दिन पछि अर्थात मिति २०७५।१०।२६मा मात्र स्वीकृत गरेको छ । आगामी आर्थिक वर्षको आय-व्ययको अनुमान कानूनले तोकेको समयावधि भित्र सम्पन्न गर्ने व्यवस्था गर्ने तर्फ ध्यानाकर्षण गरिएको छ। यो वर्ष सरोकारवाला समेतको सभाले देहाय वमोजिमको आय तथा व्ययको अनुमान पेश गरेको छ :		

	गाउँपालिकाले यो वर्ष पूँजीगत कार्यक्रम अन्तर्गतका गाउँकार्यपालिका र ६ वटा वडा तर्फ गरि कुल १८६ योजनामा रु. ८ करोड ८६ लाख ८७ हजार समेत पुजिगत तर्फ रु १५ करोड ६० लाख ८४ हजार र सशर्त,निशर्त आन्तरीक श्रोत गरी चालुतर्फ रु २१ करोड २ लाख ६२ हजार गरी कुल रु.३६ करोड, ६३ लाख ४६ हजारको आय-व्ययको अनुमान पेश गरी पारीत गरेको देखिएको छ । चालु बजेट भन्दा पुजीगत बजेटमा बढी बजेट विनियोजन गर्ने तर्फ गाउँकार्यपालिकाले ध्यान दिनुपर्दछ ।		
१७.	**चालु प्रकृतिका खर्चलाई पूँजिगतमा विनियोजन :** वर्षभरमा कार्य सम्पादन गरी कार्यान्वयनमा ल्याउने पूँजिगत प्रकृति जून आगामी दिनमा प्रतिफल दिन्छ त्यस्तो योजना छनौट गरी समग्र गाउँपालीकाको पूँजिगत संरचना सम्वन्धि स्थायीत्व प्रदान गर्न आमूलरुपले प्रतिफल दिने र पुँजिको निर्माण हुने एवं वस्तु तथा प्राप्त भएको सेवा र उपलब्धीका उपयोगिताको सिर्जना हुने गरी पूँजिगत योजना छनौट गर्नुपर्नेमा पूँजिगत वजेटमा चालु प्रकृतिका विशुद्धरुपले उपयोगिता नदिने योजना छनौट गरी कार्यान्वयनमा ल्याईनू उचित देखिएन । आर्थिक वर्ष २०७५।७६ मा स्वीकृत भएका योजना पूर्ण रुपले पूर्वाधार विकास सँग सम्वन्धित देखिएनन । जात्रा, सम्मान, यात्रा, जागरण, भ्रमण, महोत्सव, खेलकुद, म्यूजिक, लगायतका प्रतिफल विहिन योजना छनौट गरी पूँजिगत वजेट वाट यस्ता कार्यक्रम संचालन गरिनू उपयूक्त हुदैन । यस्ता कार्यक्रमवाट वस्तुमा उपयोगिताको सिर्जना नगर्ने हुदाँ पूँजि निर्माण हुने संभावना न्यून रहने गर्दछ । पूँजिगत वजेटमा चालु प्रकृतिको खर्च गरिनूले मूल्यको सार्थकता नरहने र अनुदानको समावेशी विकास पनि हुन नसक्ने स्थितिले समग्र पूर्वाधार विकासमा असर परेको छ । चालु प्रकृतिका वितरणकारी खर्चलाई प्रश्रय नदिन र आगामी दिनमा यस्ता कार्यक्रम नियन्त्रण गर्न गाउँपालीका गंभिर वन्न आवश्यक पुर्वधार बिकास गर्नुपर्ने बजेटबाट यस्ता कार्यमा गरेको खर्च नियमित मान्न सकिएन ।		

कार्यक्रम	वडा नंवर	बजेट
अध्यक्षको सचिवालयमा सञ्चालनखर्च	गा.पा.	१००००००
खेलकुद तथा सामाग्री खरिद र बितरण	वडा ६	१०००००
वडा अध्यक्ष कप क्रिकेट प्रतियोगीता	वडा ४	१५००००
खेलकुद कार्यक्रम	वडा १	१५००००
प्रतियोगितात्मक कार्यक्रम	वडा १	१०००००
	जम्मा	१५०००००

१८.	**योजना छनौट:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । गाउँपालीकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून वजेट भएका र छरिएको देखिएको छ । योजनाको संख्या धैरे हुंदा गाउँपालिकाको जनशक्ति वर्षैभरी योजना व्यवस्थापनमा लाग्नु पर्ने तथा प्राविधिक कर्मचारीलाइं कार्यसम्पादनमा कठिनाइं भई त्यसको गुणस्तरमा समेत प्रभाव पर्ने देखिएको छ । स्विकृत बार्षिक बजेट भित्र यस बर्ष रकमगत योजना छनौटको अबस्था देहाय बमोजिम देखिएको छ ।		

सि.नं.	विवरण	बजेटमा योजना संख्या
२	५० हजार देखि १ लाख सम्मका	२८
३	१ देखि २ लाख सम्मका	३७
४	२ देखि ३ लाख सम्मका	३७
५	३ देखि ४ लाख सम्मका	२५
६	४ देखि ५ लाख सम्मका	२८
७	५ देखि १० लाख सम्मका	२०
८	१० लाख भन्दा माथिका	११
	जम्मा	१८६

१९.	**खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिव अधिकृत स्तरको भए कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था		

Scanned with CamScanner

छ। गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को आय व्ययको प्रक्षेपण २०७५ माघ २६ मा सभाबाट स्वीकृत भएको र स्वीकृत भएको १५ दिन पछि प्रमुख प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तियारी उपलब्ध गराएको छ।

२०. **स्वीकृत बजेट भित्र खर्च :** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३५(२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेट भित्र र सम्बन्धित खर्च शिर्षकमा पर्छ र खर्च गर्न बाकी छ भने मात्र खर्च गर्ने र खर्चको निकासा दिनुपर्ने ब्यबस्था छ। गाउपालिकाले देहाय खर्च शिर्षकमा बिनियोजन बजेट भन्दा बढि खर्च लेखेकोले नियमित देखिएन। ४६७७८८०

ब.उ.शि.नं.	खर्च शिर्षक	बार्षिक बिनियोजन	बजेट खर्च	बढि खर्च
सर्शत	स्वस्थ्य	१४४५६०००	१८२२८६८४	३७७२६८४
समानिकरण चालु	उद्दार राहत तथा पुनर्स्थापन खर्च	५००००००	१४०५१९६.००	९०५१९६
	जम्मा	१९४५६०००	१९६३३८८०	४६७७८८०

२१. **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ। गाउँकार्यपालिकाले सञ्चालन गरेका गाउँस्तरिय,वडास्तरीय र बहुबर्षिय आयोजनामध्ये सबै आयोजनाहरुको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार गरेको देखिएन।

कार्यक्रम/ क्रियाकलापको नाम	गर्नुपर्ने कामको परिमाण	सम्पन्न कामको परिमाण	प्रगति प्रतिशत	प्रगति हुन नसक्नुको कारण
समानिकरण	१८६	१३४	७२.०४	

२२. **योजना कार्यन्वयन स्थिति :** गाउँपालीकाको तेश्रोगाउसभावाट आर्थिक वर्ष २०७५।७६ मा आन्तरिक श्रोत लगायत वित्तिय समानीकरण अनुदान समेतवाट विभिन्न ६ वडामा गाउस्तरिय, वडा स्तरिय योजना र बहुबर्षिय योजना स्वीकृत गरेकोमा उपभोक्ता मार्फत देहाय बमोजिमका योजना कार्यन्वयनमा आएको देखिन्छ।

बिवरण	स्विकृत योजना संख्या	पहिलो चौमासिकमा सम्झौता संख्या	दोश्रो चौमासिकमा सम्झौता संख्या	तेश्रो चौमासिकमा सम्झौता संख्या	जम्मा सम्झौता संख्या	सम्पन्न भएका योजना संख्या	कार्यान्वयन मा नआएका योजना
गाउँ स्तरीय	४७	०	०	३३	३३	३३	१४
वडा स्तरीय	१३९	०	०	१०१	१०१	१०१	३८
बहुबर्षिय	०	०	०	०	०	०	०
	१८६	०	०	१३४	१३४	१३४	५२

बजेट अनुसार योजना योजना स्विकृत भएपनि निर्धारित समयमा सम्झौता गरी कार्यान्वयन नगर्ने अबस्थाले यस बर्ष पनि संचित कोषमा रकम वचत रहेको देखिएको छ। स्वीकृत १८६ योजना मध्ये १३४ योजना मात्र सम्पन्न देखिएकोले ७२.०४ प्रतिशत प्रगति देखिएको र स्विकृत भएका योजनामध्ये अधिकांस योजनाहरु पहिलो तथा दोश्रो चौमासिकमा सम्झौता गरीसक्नुपर्नेमा तेश्रो चौमासिकमा मात्र पुरै १३४ वटा योजनाहरुको सम्झौता भएको देखिएकोले योजना कार्यान्वयनमा हतारमा कार्य भइ गुणस्तरीयता नहुन सक्ने र बाकी ५२ वटा योजनाको आर्थिक बर्ष भित्र योजना सम्झौता हुन नसकि कार्य नभएकोले बजेट रकम वचत भएको हुदा सार्बजनिक पूँजि निर्माण नभएको कारणले नागरीकलाइ Time Value of Money को लाभ बेलैमा प्राप्त नहुने हुदा, समग्र उत्पादक्त्वमा ह्रास आउने देखिएको छ।

२३. **चौमासिक खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजि स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकामा उपलब्ध विवरण अनुसार देहाय बमोजिम प्रथम चौमासिकमा कार्य नभएको, दोश्रो चौमासिकमा २२.५२ प्रतिशत र तेश्रो चौमासिकमा ७७.४७ प्रतिशत खर्च गरेको देखिएको छ। यसरीनै आषाढ मसान्तमा ७७.४७ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन।

Scanned with CamScanner

बजेट उपशीर्षक	कुल खर्च	चौमासिक खर्च			
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	आषाढ महिना
बित्तिय समानिकरण	५१३२१५५८	०	१२५०००००	३८८२१५५८	३८८२१५५८
स्थानिय पूर्वाधार	२५३२७४६.००	०	०	२५३२७४६.००	२५३२७४६.००
प्रदेश सरकार सर्शत	१६५००००	०	०	१६५००००	१६५००००
जम्मा	५५५०४३०४	०	१२५०००००	४३००४३०४	४३००४३०४
प्रतिशत		०	२२.५२	७७.४७	७७.४७

२४. **मौजुदा सूची तयार** : सार्वजनिक खरिद ऐन २०६३ को दफा ६क बमोजिम प्रत्येक सार्वजनिक निकायले दफा ३० को उपदफा (६) दफा ४१ को उपदफा (१) को खण्ड (क) र दफा ४६ बमोजिम गरिने खरिदको लागि खरिदको प्रकृति अनुसार आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकको दफा १०(२) बमोजिमको योग्यताको आधारमा छुट्टाछुट्टै सूची तयार गर्नु पर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले त्यसरी मौजुदा सूची तयार गरेको छैन । यसले गर्दा कार्य विशिष्टीकरणको आधारमा खरिद प्रकिया नहुने तथा उपयुक्त योग्यता र क्षमता नभएकाबाट समेत सेवा प्राप्त गर्दा गुणस्तरीय सेवा प्रवाह नहुने देखिन्छ । तसर्थ कानूनको पालनामा कार्यालयले ध्यान दिनु पर्दछ ।

२५. **खरिद योजना तथा इकाई** : सार्वजनिक खरिद ऐन, २०८३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढि रकमको खरीद गर्दा तोकिए बमोजिम खरिदको गुरुयोजना र बार्षिक खरीद योजना तयार गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद ऐन २०६३ को दफा ७(३) मा कार्यालयका लागि एक खरिद ईकाई गठन गर्नुपर्ने उल्लेख छ। गाउपालिकाले यो वर्ष बार्षिक खरिद योजना तयार गरेको नदेखिएकोले बर्षभरी कुन कुन सामान कति परिमाणमा आवश्यक पर्ने, कति सामान कहिले खरीद गर्ने र त्यसको उपयुक्त खरीद प्रकृया विधि के हुने जस्ता खरिद व्यवस्थापनका महत्वपूर्ण पक्षहरु सहितको कुनै योजना नहुँदा आवश्यकता बमोजिम खरीद गर्दै गएको एवं सार्वजनिक खरीद ऐन र नियमावलीको विपरित तोकिएको सीमा नाघ्न गई खरीद नियम तथा विधी विपरित हुन गएको, खरिद प्रक्रियामा सबैलाई सहभागी हुने समान अवसर सुनिश्चितता नदेखिएकोले गाउपालिकाले खरिद व्यवस्थानमा विशेष ध्यान दिनुपर्ने देखिन्छ। त्यसैगरी खरिद इकाई गठन गरेको देखिएन। खरिद इकाई गठन नहुँदा खरिद कार्यको कमिकमजोरी हटाई मालसामान, निर्माण कार्य, परामर्श सेवा र अन्य सेवाको खरिदको गुणस्तर अभिवृद्धि गरी सोसम्वन्धी जिम्मेवारी बहन गराउन कठिन हुन्छ। तसर्थ व्यवस्थित खरिद कार्यको लागि खरिद इकाई गठन गर्न कार्यालयले ध्यान दिनु पर्दछ।

२६. **कानुन निर्माण र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। यस व्यवस्था अर्न्तगत यो वर्ष गाउँपालिकाले तर्जुमा गरेका निम्न कानुनहरु राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएका छन् :

सि.नं.	कानूनको नाम	राजपत्रमा प्रकाशित मिति
१.	राजगढ गाउपालकाको बिनियोजन ऐन २०७५	२०७५।१०।२६
२.	राजगढ गाउपालकाको आर्थिक ऐन २०७५	२०७५।१०।२६
३.	गाउपालिकाको आर्थिक कार्यबिधि नियमित तथा व्यवस्थि तगर्न बनेको कानुन २०७५	२०७५।१०।२६
४.	स्थानीय तह सहकारी ऐन २०७५	२०७५।१०।२६
५.	कृषि व्यवसाय प्रवद्धन ऐन २०७५	२०७५।१०।२६
६.	अपांगता परिचयपत्र वितरण निर्देशिका २०७५	२०७५।१०।२६
७.	जेष्ठ नागरिक परिचयपत्र वितरण निर्देशिका २०७५	२०७५।१०।२६
८.	राजगढ गाउपालिकाको प्रशासकिय कार्यबिधि नियमित गर्न बनेको ऐन २०७५	२०७५।१०।२६
९.	राजगढ गाउपालिाको राजपत्र प्रकाशन सम्बन्धी कार्यबिधि २०७५	२०७५।१०।२६
१०.	घ बर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धी कार्यबिधि	२०७५।१०।२६

Scanned with CamScanner

११.	गाउ बिपद जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन	२०७५।१०।२६
१२.	एफ एम रेडियो बयवस्थापन तथा सञ्चालन कार्यबिधि २०७५	२०७५।१०।२६
१३.	अनाथ तथा युक्त बालबालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रम (सञ्चालन कार्यबिधि) ऐन २०७५	२०७५।१०।२६
१४.	शिक्षा नियमावली २०७५	२०७५।१०।२६

त्यस्तै यस गाउपालिकालाई अतिआवश्यक पर्ने कानुनहरु एकिन गरी ऐन बनाएको पाइएन ।

२७. **न्यायिक समिति :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार गाउपालिकाको उपाध्यक्षको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ । गाउपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ ।

गत बर्षको जिम्मेबारी	दर्ता भएका विवाद	फछ्र्यौट भएका विवाद	क्षेत्राधिकार अभाव देखिएका	फछ्र्यौट हुन बाँकी विवाद
०	११०	७७	०	३३

उपरोक्त विवरण अनुसार प्राप्त विवादको समयमै निरुपण तथा फछ्र्यौट गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

२८. **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । स्थानीय तहको कार्यसञ्चालन भित्र पूर्वाधार निर्माण, शिक्षा, सामाजिक सुरक्षा, कृषि तथा पशु, स्वास्थ्य, कर तथा शुल्क, न्याय सम्पादन, बजेट नीति तथा योजना लगायतका कार्यसम्पादन गर्ने विषयगत क्षेत्र समेटिएको वित्तीय समानीकरण अनुदान, सशर्त तथा विशेष अनुदान प्रदान भएको अवस्था छ ।.गाउँपालिकाले समायोजन पछि कार्यक्रम, कार्यवोझ, कार्यप्रकृतिका आधारमा संगठन तथा व्यवस्थापन सर्भेक्षण गरेको छैन ।

२९. **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ती र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउपालिकाले स्वीकृत गरेको संगठनात्मक संरचना अनुसार प्रमुख प्रशासकिय अधिकृत सहित कर्मचारी दरवन्दी २१ रहेपनि १९ पद रिक्त रहेका छन । रिक्त पदहरु पदपुर्ती गर्ने तर्फ कुनै कारवाही गरेको देखिएन ।

३०. **सेवा करार** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा गाउपालिकाका , नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे र सरसफाई सम्बन्धी पदमा बाहेकका अन्य पदमा सेवा करारबाट पदपूर्ती गर्न नपाउने उल्लेख छ । गाउँपालिकाले सेवा प्रवाहको लागि आवश्यक भएको भनी विभिन्न मितिमा सम्झौता गरी आई.टी.इन्जिनियर सब ईन्जिनियर सामाजिक परिचालक खरिदार कार्यक्रम सयोजक ,रोजगार संयोजक अनमि अमिन र कानुनि सल्लाहाकार लगायत कार्यालय सहयोगि समेत नियुक्ती गरेको पाइयो । नियुक्ती भएका मध्ये आई टी ईन्जिनियर LGCDP अन्तर्गत लिएका,रोजगार संयोजक मंत्रालयबाट र खरिदार साविक गा.वि.स देखिनै लिएको कार्यालयको भनाई रहेको छ । करारका कर्मचारीलाई करार सेवामा कार्य गराउँदा सार्वजनिक खरिद नियमावली, २०६४ को सेवा करारमा लिने सम्बन्धी कार्यविधि नियम ९५ को पालना नभएकोले सो पालना गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

३१. **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रर्णाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ ।आन्तरिक नियन्त्रण प्रणाली लागु नहुँदा निकायगत कामको प्रकृति अनुरुप आबश्यक कुराको व्यवस्था र त्यसमा नियन्त्रणको वातावरण, जोखिम क्षेत्रको पहिचान,सुचनाको आदान प्रदान, अनुगमन तथा मूल्याङ्कन जस्ता विषय समेटिने स्थिति रहेन ।

३२. **आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) र प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२(१) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्रै आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस गाउँपालिकाले ब.उ.शि.न ३६५०१५३, ३६५१६०३,

Scanned with CamScanner

	३६५१५८३, ३६५८४७३ र ३७११०८३, मा विनियोजित बजेटकोमात्र आन्तरिक लेखापरीक्षण गराएको देखियो । गाउँपालिकाले आन्तरिक लेखापरीक्षण शाखा नतोकेको र उल्लेखित बाहेक अन्य बजेटको आन्तरिक लेखापरीक्षणसमेत गराएको देखिएन । आन्तरिक लेखापरीक्षण नहुँदा अनियमितताको परीक्षण, श्रेस्ताको जोडजम्मा लगायतमा हुने आन्तरिक नियन्त्रण कमजोर भएको छ । आन्तरिक लेखापरीक्षण गराई कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ ।		
३३.	**सम्पत्ति**:आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४६ मा सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्ता सहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्बन्धित कार्यालय प्रमुखको हुने, नियम ५३(४) मा कार्यालयमा जिन्सी मालसामान सम्बन्धी अनियमितता देखिएमा सम्बन्धित विभागीय प्रमुखले आवश्यक कारबाही गरी जिन्सी मालसामानको लगत राख्न, मर्मत, सम्भार तथा संरक्षण गर्न लगाउनु पर्ने व्यवस्था रहेको छ । यसपालिका कार्यालय तथा वडा कार्यालयहरुमा रहेका सम्पतिहरुको विवरण देहाय अनुसार छः		

खर्च भएर नजानेसम्पतिकोनाम	विवरण	खरिद रकम रु.	कैफियत
जग्गा	०.०५.१४ गा.पा.को लागी जग्गा	दान	लालपुर्जा नभएको
भवन	भवन २,६,४	पुरानो गा.बि.स को	लालपुर्जा नभएको

क्र.सं.	सवारी साधन	खरिद संख्या	मूल्य	प्रयोग गर्नेपदाधिकारी संस्था
१	एभेन्जर १५० एस टी मो.सा	१	२५९९००	प्र.प्र.अ
२	सि.बी हर्नेट मो.सा	१	२५९८००	अध्यक्ष
३	होन्डा सि बि साइन मो.सा	१	२०३५००	वडा अध्यक्ष २
	होन्डा सि बि साइन मो.सा	१	२०३५००	वडा अध्यक्ष ३
	होन्डा सि बि साइन मो.सा	१	२०३५००	वडा अध्यक्ष ४
	होन्डा सि बि साइन मो.सा	१	२०३५००	वडा अध्यक्ष १
	होन्डा सि बि साइन मो.सा	१	२०३५००	वडा अध्यक्ष ५
	होन्डा सि बि साइन मो.सा	१	२०३५००	वडा अध्यक्ष ६
	होन्डा सि बि साइन मो.सा	१	२०३५००	अध्यक्ष
	होन्डा सि बि साइन मो.सा	१	२०३५००	सहलेखापाल
	होन्डा सि बि साइन मो.सा	१	२०३५००	सुचना प्रबिधि अधिकृत
	होन्डा सि बि साइन मो.सा	१	२०३५००	अध्यक्ष
	पल्सर १४९	१	२४८०००	रोजगार संयोजक
	होन्डा सी बी साइन	१	२०३५००	गा.पा उपाध्यक्ष
	होन्डा सि बि साइन मो.सा	१	२०३५००	बाबु सहायव साह

	उल्लेखित बिबरण आधारमा अबलोकन गर्दा गाउपालिकाले आफ्नो स्वामित्वमा रहेको जग्गाको कानुन अनुसार जग्गाधनि पुर्जा नलिएको,सार्बजनिक जग्गामा आफ्नो भवन बनाउदा नेपाल सरकारबाट भोगचलन स्विकृती लिएको देखिएन । साथै सवारी साधन प्रयोग गर्दा म.ले.प.फा.नं २ अभिलेख नराखेको र सरकारी सवारी साधन निजि नंम्बरमा समेत प्रयोग भएको देखिएको छ ।		
३४.	**जिन्सी निरीक्षण :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा नियम ४६,४७ र ४८ बमोजिम लगत खडा गरी राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छ अधिकार प्राप्त अधिकारीले एक बर्षमा कम्तीमा एक पटक स्वयं वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य छुट्टै कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने व्यवस्था भएकोमा यस बर्ष जिन्सी निरीक्षण गरी दिएको प्रतिवेदनमा भौतिक परिक्षण गर्दा तोकिएको स्थानमा जिन्सी सामानको संख्या घटबढ भए नभएको, सामानहरु चालु हालतमा रहे नाहेको उल्लेख गरेको नपाइएकोले जिन्सीको यथार्थ अवस्था एकिन हुन सकिएन ।		
३५.	**बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस		

Scanned with CamScanner

	गाउपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख एकिन गरी अध्यावधिक नगरेकोले एकिन गरी कार्यान्वयन गर्नुपर्दछ ।		
३६.	**सङ्घीय विभाज्य कोष** : अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ (१) मा नेपाल सरकार, प्रदेश र स्थानीय तह बिच सङ्घीय कानून बमोजिम प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफँट गर्न नेपाल सरकारले एक सङ्घीय विभाज्य कोष खडा गरी त्यस्तो रोयल्टीबाट प्राप्त रकम सो कोषमा जम्मा गर्ने व्यवस्था गरेको छ । त्यसैगरी दफा ७ (२) मा उपदफा (१) बमोजिमको कोषमा रहेका रोयल्टीको बाँडफाँड नेपाल सरकारले अनुसुची-४, मा कुल रोयल्टी रकमको ५० प्रतिशत सङ्घीय सरकारमा र प्रदेश र स्थानीय तह लाई २५/२५ प्रतिशत विभाजन गर्नुपर्ने व्यवस्था गरेकोमा गाउँपालिकाले हालसम्म पनि विभाज्य कोष खडा गरेको छैन । गाउँपालिकाले अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम संघीय विभाज्य कोष खडा गरी प्राकृतिक स्रोतको उत्खनन् तथा निकासी बापत असुल भएको आय उक्त कोषमा जम्मा गर्ने व्यवस्था गर्नु पर्दछ । अत गाउपालिकाले यसतर्फ ध्यान दिनु पर्ने देखिन्छ।		
३७.	**राजश्व अभिलेख:** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । यस कार्यालयले आ.व. ०७५।७६ मा बिभिन्न शिर्षकमा ३७८२९२।२० आम्दानी गरेको देखिन्छ भने गाउपालिकाले म.ले.प.फा.नं. २३ र १०८ को प्रयोग गरी अभिलेख व्यवस्थित गर्नुपर्नेमा गरेको देखिएन । यस्तो अवस्थामा अविलम्ब सुधार गर्नुपर्दछ ।		
३८.	**करदाताको अभिलेख :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५८ मा गाउपालिकाले आफ्नो क्षेत्रभित्र ब्यापार, ब्याबसाय वा सेवामा पुजिगत लगानी र आर्थिक कारोवारको आधारमा ब्यबसाय कर लगाउने ब्यबस्था छ । त्यस्तै ऐनको दफा ५५,५६,५७,५९,६०,६१ र ६२ मा गाउपालिकाले आफ्नो क्षेत्रभित्रको घर जग्गामा सम्पत्ति कर, जग्गाको उपयोगमा भुमिकर(मालपोत), कुनै ब्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी वहालमा वहाल कर, आफुले निर्माण, रेखदेख र संञ्चालन गरेको हाट बजार, पसल र जग्गामा वहाल विटौरी शुल्क, पार्किङ शुल्क, जडिबुटी, कवाडी र जिबजन्तु कर, सेवा शुल्क आदी लगाउन सक्ने ब्यबस्था भएपनि करदाताको अभिलेख ब्यबस्थित रुपमा राखेको पाइएन ।		
३९.	**व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । गाउपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा केहि व्यवसायीहरुको लगत राखेको भएतापनि उक्त लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । गाउपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । लेखापरीक्षणका कममा गाउपालिकामा अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन । गाउपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ ।		
४०.	**मनोरञ्जन कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा गाउपालिकाले यस्ता प्रकारका कूनैपनि कर संकलन गरेको पाईएन । यस गाउपालीकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ ।		
४१.	**लेखापरीक्षण नभएको :** आर्थिक कार्यविधि नियमावली २०६४ बमोजिम गाउँपालिकाले राजश्व लगायत सबै प्रकारको कारोबार तथा खर्चको लेखा तयार गर्नुपर्ने ब्यबस्था भएकोमा तयार भएको लेखा स्थानिय सरकार सञ्चालन ऐन २०७४ बमोजिम लेखापरीक्षणमा पेश नभएकोले आय एकिन नभएको रु	१७६६६७.९७	

वडानं	बिबरण	बैकमा दाखिला देखाएको रकम
गा.पा	नगदी रसिद तथा आम्दानी खाता	०
बडा नं. ३	नगदी रसिद तथा आम्दानी खाता	१२६४३६.६२
बडा नं.४	नगदी रसिद तथा आम्दानी खाता	५०२३१.३५

Scanned with CamScanner

अरुण कुमार यादव	नगदी रसिद तथा आम्दानी खाता	
	जम्मा	

४२. **नगद दाखिला:** आर्थिक कार्यविधि नियमित तथा ब्यबस्थित गर्न बनेको ऐन २०७४ को दफा १३ मा जिम्मेवार ब्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदको हकमा सोहि दिन वा भोलिपल्ट तोकिएको बैक खातामा दाखिला गरी श्रेस्ताखडा गनुपर्ने ब्यबस्था छ। त्यस्तै सोहि दफामा दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशत १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिबाना गरी दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिला गरेको भए २५ प्रतिशत जरीवाना गरी नगद दाखिला गर्न लगाइ कसुरको मात्रा अनुसार निजमाथि विभागीय कारवाही सम्म गर्न सक्ने ब्यबस्था छ। गाउपालिकाको देहाय आम्दानी राजश्व खातामा दाखिला गरेको नदेखिएकोले ऐनको सो ब्यबस्था बमोजिम दाखिला गनुपर्ने रु ३८८१५

बिबरण	असुली रकम	दाखिला रकम	दाखिला नभएको रकम
वडा नंबर १	५४३१४	१५५००	३८८१५

४३. **सभाको निर्णय कार्यान्वयन** - मिति २०७५।१०।२६ मा सम्पन्न गाउँसभाबाट पारित कार्यक्रम र कार्यान्वयनको अवस्था को Fallow up Register अभिलेख राखेको नदेखिंदा सभाद्वारा भएको निर्णयको कार्यान्वयन स्थिति विश्लेषण गर्न सकिएन। अतः तत्सम्बन्धी अभिलेख एवं प्रमाण व्यवस्थित गर्नुपर्दछ।

४४. **सम्पत्ति हस्तान्तरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्तभित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको,सवारी साधन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु जिम्मेवारी सार्ने गरेको पाइएन । गत बर्षको प्रतिबेदनमा औल्याएकोमा हाल सम्म पनि बिगतको गाउ बिकास समितिमा रहेका र थप खरिद गरिएका जिन्सी मालसामान जिन्सी कितावमा आम्दानी बांधी जिन्सी निरिक्षण गरी गराइ गाउपालिकाले एकिकृत जिन्सी अभिलेख तयार गरी राखेको देखिएन । यसरी जिन्सी मालसामानको आम्दानी र एकिकृत अभिलेख नहुदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका र हस्तान्तरण भइ आएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।

४५. **सेवा प्रवाहको स्थिति** : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ स्थानीय सरकारको काम, कर्तव्य र अधिकारको सम्वन्धमा व्यवस्था गरेको छ । यस वर्ष गाउपालिकाबाट निम्नअनुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ । सेवा प्रवाहलाई चुस्त दुरुस्त एवं प्रभावकारी बनाउन गाउपालिकाले पर्याप्त ध्यान दिनुपर्दछ ।

सि.नं.	विवरण	जम्मा
१	स्वीकृत घर नक्सा दर्ता	०
२	अस्थायी इजाजत प्रदान Lower Tie Bim Level	०
३	निर्माण सम्पन्न सिफारीस	०
४	नक्सा पास नभएका पुराना घरहरुको अभिलेखिकरण दर्ता	०
५	नक्सा पास नभएका पुराना घरहरुको अभिलेखिकरण	०
	पञ्जिकरण तर्फ	
६	जन्म दर्ता	१३५३
७	मृत्यू दर्ता	१७९
८	बसाइ सराइ	४१
९	बिवाह दर्ता	२८४
	पूर्वाधार विकास तर्फ	
१०	सडक बत्ति	१
११	खानेपानी टंकी निर्माण (गोटा)	०

Scanned with CamScanner

१२	ग्रावेल (मिटरमा)	४०
१३	पुल कल्भर्ट (गोटा)	३
१४	सडक पोल (गोटा)	१०
१५	ट्रस भवन	३
१६	नयाँ सडक विस्तार (मिटरमा)	१८
१७	बृद्धाश्रम भवन -गोटा)	८
१८	मन्दिर(गोटा)	३१
१९	ग्यबियन बाल मिटर	०
२०	भवन मर्मत -वटा	१५
२१	सडक मर्मत मिटर	०
२२	स्यालो टयुबेल -गोटा)	०
२३	ट्रन्सफरमर खरिद गोटा)	३
२४	ह्युम पाइप मिटर	५
२५	बाउण्डी वाल निर्माण मिटर	१०
२६	काडेतार पोल घेरबारा मिटर	०
२७	बायो ग्यास प्लान्ट गोटा)	०
२९	टयुवेल गोटा)	३

४६. **सामाजिक लेखापरीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम हरेक स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गरी बित्तीय जवाफदेहितालाई प्रभावकारी बनाउने व्यवस्था छ । सञ्चालित योजना सूचना पाटी, आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा गाउँपालिकाले यस बर्ष योजना संचालन गरेकोमा सबैले सामाजिक लेखापरीक्षण गरेको देखिएन । नियममा भएको व्यवस्था पालना गर्नुपर्दछ ।

४७. **जग्गा उपयोग मापदण्ड** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम सम्वेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधिनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था छ । यस गाउँपालिकाले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन । स्थानीय तहले आफ्नो सबै क्षेत्र वा कुनै क्षेत्र तोकी त्यस्तो क्षेत्रमा बन्ने भवनहरुको लागि जग्गा तथा भवनको प्रकृति, समान ढाँचाको नमूना नक्सा तयार गर्न र सेवाग्राहीको लागि आफ्ना प्राविधिक कर्मचारीबाट नक्सा तयार गराई निःशुल्क उपलब्ध गराउने व्यवस्था रहेकोमा कार्यान्वयन भएको देखिएन । जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोकी जग्गा तथा भवनको प्रकृतिबमोजिम नक्सा तयार तथा स्वीकृतिको व्यवस्था अपनाउनु पर्दछ ।

४८. **राष्ट्रिय भवन संहिता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४३ बमोजिम भवनको नक्सा पास गर्दा नेपाल सरकारले निर्धारण गरे अनुसारको राष्ट्रिय भवन संहिताको पालना गर्नुपर्ने व्यवस्था
छ । राष्ट्रिय भवन संहिताको अधिनमा रही थप मापदण्ड समेत बनाई लागू गर्न सक्ने व्यवस्था छ । भवन संहिता पालनालाई पालिकाले कार्यान्वयनमा ल्याएको छैन । भवन संहिता कार्यान्वयन गर्न गाउँपालिकामा साधन र स्रोत नरहेको, सम्बन्धित मन्त्रालयले संहिता लागू गर्ने सक्रियता नदेखाएको, मापदण्ड विपरीत भवन निर्माण भएको, नक्सा पास नगरी भवन निर्माण गरेको, सर्वसाधारण जनताले संहिता पालना गर्नुभन्दा जरिवाना तिर्न सहज मानेको, भवन डिजाइन र निर्माणमा एकै प्राविधिकको संलग्नता रही दोहोरो जाँचको व्यवस्था समेत नरहेको अवस्था छ । भवनको नक्सा पास गर्दा भवन संहिताको पालना गर्नुपर्दछ ।

४९. **सार्वजनिक जग्गाको संरक्षण** स्थानीय सरकार सन्चालन ऐनको दफा ९७ मा गाउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, आफ्नो कोषबाट बनेको, खरिद भएको वा

Scanned with CamScanner

	नेपाल सरकार, प्रदेश सरकार, कुनै संस्था वा व्यक्तिले दिएको सम्पत्ति, ढल, नाला, पोखरी, धार्मिक स्थल, पाटी, पौवा, घर, कुवा, धारा, इनार, गौचर, पानीघाट, निकास, चोक, गल्ली, सडक, बाटो सडकको दायाँबायाँका रुख, आफ्नो स्वामित्वमा रहेको भवन, जग्गा, पार्क, उद्यान, चौतारो, बसपार्क, वा अन्य संरचना, राष्ट्रिय निकुन्ज, वन्यजन्तु आरक्ष, सीमसार क्षेत्र, तथा राष्ट्रिय वन बाहेक आफ्नो क्षेत्राधिकारभित्रको अन्य वन, संविधान र प्रचलित कानून बमोजिम नेपाल सरकार वा प्रदेश सरकारको क्षेत्राधिकार बाहेकको अन्य प्राकृतिक सम्पदा लगायतका सम्पत्तिको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था रहेको देखिएपनी त्यस्ता सम्पत्तिको अद्यावधिक अभिलेख तथा Digitize गरी रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध समेत गरेको देखिएन ।साथै गाउपालिकामा सार्वजनिक जग्गाको अद्यावधिक अभिलेख नराखिएको कारणबाट सार्वजनिक,पर्तिको रुपमा रहेका जग्गाले ओगटेको क्षेत्रफल पुरै सावुद रहे नरहेको र सार्बजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै ब्यहोराले हक हस्तानतरण गर्न वा लिजमा दिन नपाउने ब्यबस्था भएपनि सो सम्बन्धमा अनुगमन गरेको पाइएन ।		
५०.	**स्थानीय तथ्यांक, अभिलेख तथा स्रोत नक्सांकन** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाउपालिकाको प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था छ । गाउपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन वा गाउ प्रोफाइल तयार गरेको छ । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा तयार गरिएका तथ्यांकहरुको प्रयोग गरि योजना तथा बजेट प्रक्रिया अगाडि बनाउनु पर्दछ ।		
५१.	**सुशासन ऐन तथा सूचनाको हक कार्यन्वयन अवस्था** सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा सावंजनिक निकायले आफ्नो निकायसंग सम्वन्धित विभिन्न सूचनाहरु प्रकाशन गर्नुपर्ने व्यवस्थाका साथै, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ मा सरकारी निकायले आफूले एक आर्थिक वर्षभरी सञ्चालन गरेका कार्यक्रम, सम्पादन गरेका काम र प्रगति तथा लागत लगायतका विषयहरु समावेश गरी वार्षिक प्रतिवेदन तयार गर्नुपर्ने प्रावधान रहेकोछ । यि प्रावधान अनुसार गाउपालीकाले आ.व. २०७५/७६ मा गरेका कार्यहरु समेटेर वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गरेको र वेभसाइडमा अपलोड गरेको छैन ।		
५२.	**उपभोक्ताबाट भएको कार्य**: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समूहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७ (१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रम मुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरियता, दिगोपना अभिवृद्धि गर्ने तरीका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधि सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ ।यस कार्यालयले बाटो निर्माण, भवन निर्माण, खेल मैदान निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरिय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद नियमावलीमा भएको खरिद सम्बन्धी प्रकृयाको अवलम्वन गर्दै		

Scanned with CamScanner

प्रतिस्पर्धात्मक र गुणस्तरिय निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ ।

५३. **वातावरणीय प्रभाव** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउपालिका क्षेत्रमा स्थल, जल, वायु तथा ध्वनी प्रदूषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । गाउपालिकाले यो वर्ष विपद व्यवस्थापन, वातावरण संरक्षण तथा जलवायु परिवर्तन, वन तथा भू-संरक्षण, जलाधार संरक्षण, फोहोरमैला तथा ढल व्यवस्थापन लगायतका वातावरणीय प्रभाव न्यूनीकरणको कार्यमा बजेट एवं कार्यक्रम तय गरेको देखिएन । साथै वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालबसाली सरसफाईको काममा गाउक्षेत्रको सडक सफाई, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, चाडपर्व, शनिवार गाउ र नदी सरसफाई आदी कार्यहरु पर्दछन् । गाउपालिकाबाट ढल निर्माणको एकीकृत बहुवर्षे योजना समेत बनाएको देखिएन । वातावरणीय प्रभाव मूल्याङ्कनलाई ध्यान दिई कार्यक्रम सञ्चालन गरिनुपर्दछ ।

५४. **पेश्की** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४(३) मा पेश्की दिएको रकम तोकिएको म्याद भित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने व्यवस्था छ । निम्नानुसार पेश्की गएको रकम आर्थिक वर्षको अन्त्यसम्म फछ्यौंट नभई वांकी रहेको देखिएकोले नियमावली अनुसार फछ्यौंट गर्नुपर्ने देखिएको रु.......... ६०५७४००

मिति	पेश्की लिनेको नाम	वापत	पेश्की रकम
२०७५.०७.२५	देव नारायण यादव	सामाजिक सुरक्षा वितरण	३३०२४००
२०७५.६.२५	दिनेश राजबंशी	मर्मत	१५०००
२०७५.६.२६	बासुदेब मण्डल	वडा कार्यालय सञ्चालन	४०००००
२०७६.३.२	गजिन्द्र यादब	शिक्षा कार्यकम	२३४००००
		जम्मा	६०५७४००

५५. **समानिकरण पुजिगत**

सार्वजनिक जग्गामा भवन, सामुदायिक भवन,मन्दिर, मदरसा निर्माण: गाउँपालिकाले सार्वजनिक स्रोत परिचालन गरी भवन लगायतका संरचना निर्माण कार्य गर्दा आफ्नो जग्गा भए जग्गाधनि प्रमाण पुर्जा लिएर र सार्वजनिक जग्गामा भए कानुन बमोजिम नेपाल सरकारको स्विकृत लिएर मात्र भबन निर्माण गर्नु पर्नेमा, यस गाउँपालिकाले नक्सापास नगरी र सार्वजनिक जग्गामा कानुनि स्विकृत बेगर उपभोक्ता मार्फत आफ्नो प्रयोगको लागी भवन, सामुदायिक भवन, मन्दिर, मदरसा तथा अन्य सार्वजनिक प्रकृतिको भवन निर्माण गरिएको छ । सार्वजनिक तथा सामुदयिक भवन, मन्दिर, मदरसा तथा अन्य सार्वजनिक प्राकृतिको भवन निर्माण गर्दा सार्वजनिक प्रयोजनमा रहेको जग्गामा कानुनी स्विकृति लिएर ड्रइङ्ग, डिजाइन, नक्सा पास गरी निर्माण गरीनु पर्दछ ।नमुना छनौट गरी परिक्षण गर्दा यो वर्ष स्विकृति नलिइ निर्माण भएका त्यस्ता संरचना देहाय अनुसार छन् :

भौ.नं.र मिति	भुक्तानी पाउने उ.स.को नाम	कार्य	मुल्याङ्कन	खर्च रकम
१६।२०७६।३।३१	बाबानरसिह मन्दिर निर्माण उ.स.	छत र बाउण्डीवाल	३३४८९९.३०	३०१०७५
३।२०७६।३।३०	रक्तमाता थान निर्माण उ.स	मन्दिर निर्माण	२९१०४६	२६१९४१
४।२०७६।३।३१	सलहेश मन्दिर निर्माण उ.स	मन्दिर निर्माण	१८२९३८.००	१६४६४४
३।२०७६।३।३१	सरस्वती मन्दिर निर्माण उ.स	मन्दिर निर्माण	३६५५४८.००	३६५५४८
७।२०७६।३।३१	बरदायी रामजानकी मन्दिर निर्माण उ.स	मन्दिर निर्माण	५७५२७५.००	४८३५००

५६. **उपभोक्तासमितिको खरिद कार्य:** सार्वननिक खरिद नियमावली २०६४ को नियम १९ (१) तथा गाउँपालिका र उपभोक्ता समितिसंग भएको सम्झौताको शर्तको बुदामा बिस हजार सम्मको प्यान नंवर भएको बिल र सो भन्दा बढिको निर्माण तथा अन्य सामाग्रीको बीलहरु मुल्य अभिबृद्धि करमा दर्ता व्यक्तीसग मात्र कारोवार गनुपर्ने ब्यबस्था भएकोमा नमुना छनौट गरी परिक्षण गर्दा उपभोक्ता समितिले भएको कानुन तथा सम्झौताको शर्त बिपरीत कर बिजक बेगर देहाय बमोजिम भरपाइको आधारमा खरिद कार्य गरेको देखिएकोले उपभोक्ता समितिको सार्वजनिक निर्माण कार्यमा खरिदकार्य नियमित नहुदा पनि गाउँपालिकाले भुक्तानी दिएको देखिएको छ ।

Scanned with CamScanner

गोश्वरा भौचर नंबर	उपभोक्ता समितिको नाम	उपभोक्ताको आपुर्तिकता	बिबरण	उपभोक्ताको खरिद रकम
४।२०७६।३।३१	लोचनको घर सम्म ग्राभेल उ.स.	कनैया साह	ग्राभेल	२१००००.००
५।२०७६।३।३१	माटो तथा ग्राभेल उ.स.	कनैया साह	ग्राभेल	२३१०००.००
११।२०७६।३।३१	बाटो ढलान उ.स.	सुरेश झा	ग्राभेल	७५०००.००
८।२०७६।३।३१	माटो तथा ग्राभेल उ.स.	दुनिलाल	ग्राभेल	५००००.००
९।७६।३।३१	मुल सडक देखि घरटाटा टोल माटो ग्राभेल उ.स	राजिन्द्र साह	ग्राभेल	१३००००
९।७६।३।३१	मुल सडक देखि घरटाटा टोल माटो ग्राभेल उ.स	कुलदेव यादव	ग्राभेल	१०००००
१६।७६।३।३१	नहर देखि कारीसह पोखरी सम्म माटो ग्राभेल उ.स	राजिन्द्र साह	ग्राभेल	१५००००
१३।७६।३।३१	ढलान देखि नहर सम्म माटौ तथा ग्रभेल उ.स	कनैया साह	१४ ट्रिपर ग्राभेल	२९४०००
			जम्मा	१२४००००

५७. **जटिल प्रकृति निर्माण कार्य**:सार्वजनिक खरिद नियमाबली २०६४ को नियम ९७ को उपनियम(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर,रोलर ग्रेडर,बिटुमिन, जस्ता हेभि मेशिन प्रयोग गर्न सकिने छैन भन्ने ब्यबस्था भएपनि सोहि उपनियममा लागत अनुमान तयार गर्दाको समयमानै हेभि मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृति कार्य भनी उल्लेख गरी प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिइ उल्लेखित कार्य गर्न सकिने ब्यबस्था गरेको छ । गाउँपालिकाले जटिल प्रकृतिका हेभि उपकरण प्रयोगबाट हुने कार्य जस्तै बाटो पीच, ढलान, भवन निर्माण जस्ता उपभोक्ता आफैले गर्न नसक्ने कार्य पनि उपभोक्ता समितिबाट गराए पनि प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट स्विकृति लिएको देखिएन ।नमुना छनौट गर्दा उक्त कानून बमोजिम प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट लिखित सहमति लिएको नदेखिएको रु ८७८५७८१

गो.भौ नं मिति	उ.स.को नाम	कार्य	खर्च रकम
२।२०७६।३।१७	सडक ढलान उ.स.	अधुरो ढलान	११७३४५८.००
६।२०७६।३।३१	नयाँ भवन निर्माण उ.स.	भबन निर्माण	१२२६१४२.००
९।२०७६।३।३१	बाबा दिनाभद्री ट्रान्सफरमर जडान उ.स.	ट्रान्सफरमर जडान	६५१३०८.००
१६।२०७६।३।३१	सन्यासी बाबा तार पोल जडान उ.स	तार पोल जडान	१६३२९८८.००
२४।२०७६।३।३१	अधुरो भवन निर्माण उ.स.	छत ढलान	४८४०७४.००
१२।२०७६।३।३१	बोरीङ तथा टयुवेल उ.स.	बोरीङको काम	२८६७७१.००
८।२०७६।३।३१	बाटो निर्माण।, बोरीङ,बिजुलि सोल जडान उ.स.	बाटो निर्माण, बोरीङ,बिजुलि सोल जडान	१२५४९४१.००
१२।७६।३।३१	मलौकी पोखरी नजिक पुल निर्माण उ.स	पुल निर्माढा	१४२९२४६
१६।७६।३।३१	अधुरो उपस्वाथ्य चौकी निर्माण	स्वास्थ्य चौकी	६४६८५३
		जम्मा	८७८५७८१

५८. **वितरणमुखी खर्च**: पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई नियन्त्रण गर्नुपर्नेमा विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा गाउपालीकाले आर्थिक सहायता उपलब्ध गराएको छ। स्थानीय सरकार संचालन ऐन, २०७४ मा समेत पूँजी सृजना नहुने खालका कार्यक्रम जुन वितरणमूखी र उपयोगिता नदिने स्थितिमा रहेका खर्च लाई निरुत्साहित गर्न आवश्यक देखिन्छ, यस्ता संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानुनी अवस्था समेत छैन । स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम नियम संगत नदेखिएको सहायता रकम रु............ ७०००००.००

ब.उ.शि.नं	गो.भौ.नं, मिति	नाम	प्रयोजन	रकम
समानिकरण पुजिगत	२।२०७६।३।१	श्री बिष्णु यज्ञ		५०००००

समानिकरण चालु	५४।७५।९।१६	नवदुर्गा भगवती मन्दिर समिति	साँस्केतिक प्रवर्द्धन	१०००००
	५९।७५।१०।३	मा दुर्गा काली मन्दिर	साँस्केतिक प्रवर्द्धन	१०००००
				७०००००

५९. **उपभोक्ताको लागत अनुमानमा मुअकर:**सार्वजनिक खरिद नियमावली , २०६४को नियम १०(७)मा निर्माण कार्यको लागत अनुमान अनुसुचि १ को ढाचामा तयार गनुपर्ने ब्यबस्था छ। अनुसुचि १ को ढाचामा आइटमको जम्मा दररेट र आइटमका जम्मा परीमाण को गणना इकाइमा मुअकर समाबेश नहुने ब्यबस्था छ ।ठेक्काबाट कार्य गर्ने भए आइटमको जम्मा दररेटमा ओभरहेड जोडिने तर उपभोक्ताको हकमा ओभरहेड पनि नजोडिने ब्यबस्था भएको देखिन्छ ।गाउँपालिकाले उपभोक्ताबाट कार्य गराउने कार्यको लागत अनुमानको आइटमको जम्मा दररेटमा मुअकर रकम समाबेश गरी लागत अनुमान तयार गरी सोहि आधारमा मुल्याङकन गरेको छ। उपभोक्ताबाट कार्य गराउदा आइटमको जम्मा दररेटमा मुअकर रकम लागत अनुमानमा समाबेस गर्न मिल्ने देखिदैन।

६०. **कन्टिजेन्सी खर्च** : आयोजना संचालनमा उपभोक्ता समितिलाई जानुपर्ने रकम मध्ये ३ प्रतिशत कन्टिन्जेन्सी कट्टी गरी भूक्तानी गरेको अवस्था छ। आर्थिक वर्ष २०७५।७६ मा विभिन्न योजना बाट कट्टी भएको कन्टिन्जेन्सी खर्चको अभिलेख राखेको छैन। कट्टी भएको कन्टिन्जेन्सी योजना अनुगमन, साना तिना अन्य काम, सुचना प्रकासन लगायतका कार्यमा सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम खर्च गरी अभिलेख राखिनु पर्दछ।

६१. **लागत अनुमान:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) मा सार्वजनिक निकायले एकलाख भन्दा बढिको मालसामान खरिदको लागि लागत अनुमान तयार गरी ऐनको दफ ५क बमोजिम स्वीकृत गर्नुपर्ने व्यवस्था छ। गाउपालिकाले यस बर्ष गरेका देहाय खरिदको लागत अनुमान तयार गरी स्वीकृत गरेको नदेखिएकोले ऐनको व्यवस्था बमोजिम लागत अनुमान स्वीकृत गरिनुपर्दछ।

ब.उ.शि.न.	गोश्वरा भौचर नंवर	आपूर्तिकर्ताको नाम	मालसामानको बिबरण	खर्च रकम
समानिकरण पुजिगत	१।२०७६।३।१८	डि.डि कन्ढक्सन	लामखुट्टे मार्ने मेशिन	४९८३३०.००
	२।२०७६।३।१८	बैद्यनाथ निर्माण सेवा	लामखुट्टे मार्ने मेशिन	४९८३३०.००
समानिकरण चालु	१७४।७६।२।३१	जनआशिर्वाद फार्मेसी	औषधी	१९८६९५०
	१४२।७६।३।१०	आशिर्वाद सर्जीकल सप्लयर्स	सर्जीकल उपकरण	४९९७०८
	१४४।७६।३।१०	केसलीया भेटनरी औषधी पसल	औषधी	४९९८००
	१५०।७६।३।१६	न्युमाइकोल्याण्ड कम्प्युटर सप्लायर्स	मेसिनरी औजार	४०७०२६
	१५१।७६।३।१८	साफा टेडर्स उण्ड सप्लायर्स	छपाई	४८३०७५
	१५४।७६।३।१८	अफिस टेडर्स एण्ड सप्लायर्स	मसलन्द	४९३५५०
	१७१।७६।३।३१	न्यु प्रज्ञा प्रिनटिङ प्रेस	छपाई	४८९३०७
	१७२।७६।३।३१	फेमस स्टेशनरी सप्लायर्स	छपाई	१९३७९५
	१८७।७६।३।३१	जय मा छिन्नमस्त एजेन्सी उण्ड सप्लायर्स		४९९९९९
	२०२।७६।३।१६	प्यासेफिक अटोमोवाइल		२०८७११
	२०४।७६।३।३१	एकता एण्ड सप्लायर्स	मसलन्द	४९९६७४
			जम्मा	७२५८२५५

६२. **जिन्सी दाखिला**–आर्थिक कार्यविधि नियमावली २०६४ को नियम अनुसार कार्यालयमा प्राप्त भएको सवै मालसामानको मूल्य समेत खोली जिन्सी दाखिला गर्नु पर्ने व्यवस्था छ। कार्यालयले निम्न भौ न

र मिति वाट विभिन्न सामान खरिद गरेको भनी खर्च लेखेकोमा खरिद भएका समानको जिन्सी दाखिला नभएको रु. — २२१७५२०

ब.उ.शि.न.	भौन र मिति	माल सामान विवरण	रकम
समानिकरण पुजिगत	४.२०७६.३.३१	जनता मा.बि.को लागी कम्प्यटर,बुकहरु खरिद	९०००००.००
समानिकरण चालु	२१०.०७६.०३.३१	टाई बेल्ट	४०००००
	२१०.०७६.०३.३१	ब्याग, ड्रेस, स्टेशनरी	१५००००
	२१०.०७६.०३.३१	ल्यापटप प्रिन्टर	३५००००
	२१०.०७६.०३.३१	कम्प्युटर	५००००
सर्शत	७।२०७६।३।३	अजय स्टेशनरी एण्ड जनरल सप्लायर्स मसलन्द	६८४००.००
	१।२०७६।२।१	शुसिल मेडिकल हल औषधि खरिद	९९९८५.००
	६.२०७६.३१	औषधि खरिद	१७९१८५.००
		दराज	१९९५०.००
		जम्मा	२२१७५२०

६३. **स्वमित्वमा नरहेको मर्मत**: एम्बुलेन्स मर्मत बापत ना.प्र.स्ब सुरेश चौधरीको गो.भौ.नं १२।२०७६।३।३१ बाट रु १०००००।०० पे फ भएकोमा उक्त एम्बुलेन्स गाउपालिकाको स्वमित्वमा नरहेकोले अनियमित मर्मत खर्च रु — १०००००.००

६४. **अमानतबाट योजनाको कार्य** :गाउपालिकाले पारीत गरेका वडास्तरका योजनाहरु लाभग्राही समुह तथा निर्माण ब्यवसायी बाट गराउनुपर्नेमा १ लाख भन्दा घटिका योजनाहरु वडा सचिबमार्फत अमानत बाट कार्य गराइ भुक्तानी गरेको छ । सभाबाट पारीत भएका योजनाहरु मध्ये नमुना छनौट गर्दा गो.भौ. न.११।२०७६।३।३१ बाट देहाय भुक्तानी वडा सचिबमार्फत अमानतबाट गराइ भुक्तानी दिएकोले नियम संगत नदेखिएको — ६५००२०.००

योजना	खर्च रकम
कटुवाटोलमा अधुरा सामुदायिक भवन निर्माण	९९८४९
नाला निर्माण	९९८७४
कुलो पैनी मर्मत	५९४५४
नहरदेखि इब्रहिम घर सम्म माटो ग्राभेल	९८४६२
अधुरो नदी नियन्त्रण	९९१९८
अधुरो निर्माण	९९३१०
बिन्देश्वर घर देखि हेलीचौर सम्म	९५४८९
जम्मा	**६५००२०.००**

६५. **समानिकरण चालु**

तलबी प्रतिबेदन-स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट र निजामति कर्मचारीको तलवी प्रतिवेदन निजामति सेवा ऐन, २०४९ को दफा ७ ख(२) बमोजिम जिल्ला स्थित कोष तथा लेखा नियन्त्रकको कार्यालय बाट पारित गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यस वर्ष नगरपालिकाका सवै कर्मचारीको तलवी प्रतिवेदन पारित नगरि रु. ५९९८३१८।४७ तलव भत्तामा खर्च गरेको छ । यसरी तलबि प्रतिवेदन पारित नगराई खर्च गर्दा तलव भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन हुन सकिएन । ऐनको व्यवस्था वमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।

६६. **स्थानीय तहका पदाधिकारी सुविधा:** नेपालको संविधानको धारा २२७ मा गांउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं. २ प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ ।

Scanned with CamScanner

उक्त ऐनमा भएको व्यवस्था अनुसार रुपनी गाउँपालिकाले देहाय बमोजिम माशिक सुविधाले बार्षिक सुबिधा रु ५२६८००० सुविधा वापत भुक्तानी भएको छ ।

सि. नं	विवरण	अध्यक्ष	उपाभ्यक्ष	वडा अध्यक्ष ६ जना	कार्य पालिका सदस्य ६ जना	सभाका सदस्य २० जना	जम्मा
१	मासिक सुविधा	३१५००.	२७५००	१२००००	१२००००	१४००००	४३९०००
२	सञ्चार सुबिधा (मासिक दरमा)	०	०	०	०	०	०
३	बैठक भत्ता (बैठक संख्याको आधारमा)	०	०	०	०	०	०
४	खाजा भत्ता (मासिक)	०	०	०	०	०	०
५	पुस्तक पत्रपत्रिका (मासिक)	०	०	०	०	०	०
६	अनुगमन भत्ता (मासिक)	०	०	०	०	०	०
७	खानेपानी, बिजुली महसुल (मासिक)	०	०	०	०	०	०
८	सरसफाई, मर्मत (मासिक)	०	०	०	०	०	०
९	अतिथि सत्कार (मासिक)	०	०	०	०	०	०
१०	यातायात खर्च (मासिक)	०	०	०	०	०	०
	जम्मा मासिक	३१५००.	२७५००	१२००००	१२००००	१४००००	४३९०००
	जम्मा वार्षिक	३१५००.	२७५००	१४४००००	१४४००००	१६८००००	५२६८०००

प्रदेश नं २ का स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ८ बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको सेवाबाट अवकास लिई त्यस्तो सरकार वा तहबाट निवृत्तिभरण पाई रहेको कुनै व्यक्ति पदाधिकारी वा सदस्य पदमा निर्वाचित भएमा निजले दफा ३ बमोजिमको मासिक सुविधा वा निवृत्तिभरण मध्ये एउटा मात्र रोज्न पाउने छ भन्ने व्यवस्था रहेकोमा गाउँपालिकामा निर्वाचित भएका सदस्यहरुले सुविधा सम्बन्धमा स्वःघोषणा पत्र कार्यालयमा पेश नगरेकोले दोहोरो सुविधाको सम्बन्धमा एकिन हुन सकिएन । ऐनमा भएको व्यवस्थाको पुर्ण पालना हुनपर्दछ ।

६७.	प्रदेश नं दुईका स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ मा पदाधिकारी र सदस्यहरुले पाउने सुविधा अन्तर्गत सल्लाकारको सुविधा उल्लेख छैन । यस गाउँपालिकाले कानुनी सल्लाहकारमा ललितेश्वर प्रसाद नियुक्त गरी मिति २०७६ जेठ देखि २०७६ आषाढ मसान्तसम्म रु ३७२६५।०० पारिश्रमिक भुक्तानी गरेकोमा ऐनमा व्यवस्था नभएको कानुनी सल्लाहकार नियुक्तगरी तलब खर्च लेखेको नियम सम्मत नदेखिएको रु	३७२६५।००	
६८.	प्रदेश नं दुईका स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ मा गाउपालिकाको अध्यक्ष एवं उपाध्यक्षको सचिवालयको लागि थप कर्मचारी नियुक्ती गरी तलब भत्ता भुक्तानी दिन मिल्ने व्यवस्था छैन । यस बर्ष गाउपालिकाको अध्यक्षको स्वकीय सचिव ज्ञानेन्द्र प्रसाद यादवलाई स्वीकृत दरबन्दी बेगर स्वकीय सचिवको पारिश्रमिक खर्च रु १३८००० लेखेकोमा नियम सम्मत नदेखिएको रु	१३८०००	
६९.	**खरिद योजना** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ उपनियम(१)मा सार्वजनिक निकायले बार्षिक दशलाख रुपैया भन्दा बढि रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक बर्षको अनुमानित बार्षिक कार्यकम तथा बजेट तयार गर्दा आगामी आर्थिक बर्षमा गर्ने बार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यबस्था छ ।त्यस्तै साहि नियमको उपनियम(५)मा सार्वजनिक निकायप्रमुखले चालु आ. व.को		

Scanned with CamScanner

स्विकृत बजेट तथा कार्यक्रम प्राप्त भएपछि सो अनुरुप यो नियम बमोजिम तयार भएको बार्षिक खरिद योजना परिमार्जन गरी स्वीकृत गनुपर्ने ब्यबस्था छ । गाउँपालिकाको मसलन्द तथा कार्यालय सामाग्री सम्बन्धि बार्षिक बजेट रु४००००००।०० भएपनि बार्षिक खरिद योजना तयार नगरी पटक पटक टुका खरिद गरी रु.३५०००००।००.खर्च लेखेकोले अनियमित देखिएको रु ३५०००००

७०. **समानिकरण अनुदानका प्रार्थमिक क्षेत्र:**राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले स्थानिय तहको आ.व. २०७५।७६ को लागी समानिकरण अनुदान सम्बन्धि सिफरिशको बुदा ५.२ मा समानिकरण बापत स्थानिय तहलाइ प्राप्त भएको रकम अध्यायन भ्रमण, बैदेशिक भ्रमण र अन्य प्रशासनिक वा सञ्चालन खर्चका लागी बिनियोजन नगरी विकास निर्माणमा खर्च गर्ने गरी प्राथमिकता निर्धारण गनुपर्ने ब्यबस्था छ ।गाउँपालिकाले स्थानिय तहलाइ प्राप्त भएको उक्त रकम अध्यायन भ्रमण, बैदेशिक भ्रमण र अन्य प्रशासनिक वा सञ्चालन खर्चका लागी बिनियोजन नगरी विकास निर्माणमा मात्र खर्च गर्ने गरी बिनियोजन गरेको देखिएन । निर्धारित क्षेत्र नाघि देहाय बमोजिम बिनियोजन गरी खर्च गरीनुपर्दछ ।

७१. **बैठक भत्ता:** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ४ मा माशिक सुबिधा पाउने पदाधिकारी बाहेकका सभाका सदस्यले सभा र स्थानिय तहको कुनै समिति वा उप समितिको भाग लिएको प्रत्येक दिनको अनुसुचि १ बमोजिम बैठक भत्ता बापतको रकम पाउने ब्यबस्था भएको तर अनुसुचि १ मा त्यस्तो बैठक भत्ता नतोकिएकोले ऐनको दफा १४ बमोजिम ऐनमा उल्लेख भएको सुबिधा बाहेक कुनैपनि सुबिधा स्थानिय तहले थप वा निर्धारण गर्न नपाउने हुदा गाउँपालिका पदाधिकारी तथा सदस्यहरुलाइ कानुन विपरित बैठक भत्ता भुक्तानी भएको रु ४७१२७५

गो.भौ.नं /मिति	पदाधिकारीको नाम	बिबरण	बैठकभत्ता कर बाहेक
१९८।७६।३।३१	परमानन्द यादब अध्यक्ष	गाउकार्यपालिकाको बैठक	१७८५०
१९८।७६।३।३१	पुष्पमाला कुमारी मण्डल उपाध्यक्ष	गाउकार्यपालिकाको बैठक	१६५७५
१९८।७६।३।३१	नारायण यादब वडा अध्यक्ष	गाउकार्यपालिकाको बैठक	१७८५०
१९८।७६।३।३१	ललित प्रसाद सिंह वडा अध्यक्ष	गाउकार्यपालिकाको बैठक	१४०२५
१९८।७६।३।३१	सिता राम यादब वडा अध्यक्ष	गाउकार्यपालिकाको बैठक	१७८५०
१९८।७६।३।३१	हेम नारायण साह वडा अध्यक्ष	गाउकार्यपालिकाको बैठक	६३७५
१९८।७६।३।३१	लक्ष्मी नारायण ठाकुर वडा अध्यक्ष	गाउकार्यपालिकाको बैठक	१७८५०
१९८।७६।३।३१	कमल देव यादब वडा अध्यक्ष	गाउकार्यपालिकाको बैठक	१४०२५
१९८।७६।३।३१	जलेश्वरी पासवान का.पा सदस्य	गाउकार्यपालिकाको बैठक	११४७५
१९८।७६।३।३१	रेखा राम का.पा सदस्य	गाउकार्यपालिकाको बैठक	१०२००
१९८।७६।३।३१	जीजछी देवी राम का.पा सदस्य	गाउकार्यपालिकाको बैठक	१४०२५
१९८।७६।३।३१	निमा कुमारी राम का.पा सदस्य	गाउकार्यपालिकाको बैठक	१०२००
१९८।७६।३।३१	श्याम सुन्दर पण्डीत का.पा सदस्य	गाउकार्यपालिकाको बैठक	११४७५
१९८।७६।३।३१	बाला किसुन खंग का.पा सदस्य	गाउकार्यपालिकाको बैठक	११४७५
१९८।७६।३।३१	धिरेन्द्र कुमार यादब प्र प्र अ	गाउकार्यपालिकाको बैठक	१७८५०
१९८।७६।३।३१	दिनेश कुमार यादब ना.सु	गाउकार्यपालिकाको बैठक	१७८५०
१९८।७६।३।३१	रामबाबु यादब खरदार	गाउकार्यपालिकाको बैठक	१७८५०
१९८।७६।३।३१	सत्रौहन दास स.ले.पा	गाउकार्यपालिकाको बैठक	१७८५०
१९८।७६।३।३१	भुवनेश्वर प्रसाद यादब का. स	गाउकार्यपालिकाको बैठक	१७८५०
१९८।७६।३।३१	परमानन्द यादब अध्यक्ष	दोस्रो गाउसभा	१२७५
१९८।७६।३।३१	पुष्पमाला कुमारी मण्डल उपाध्यक्ष	दोस्रो गाउसभा	१२७५
१९८।७६।३।३१	नारायण यादब वडा अध्यक्ष	दोस्रो गाउसभा	१२७५
१९८।७६।३।३१	सिता राम यादब वडा अध्यक्ष	दोस्रो गाउसभा	१२७५
१९८।७६।३।३१	लक्ष्मी नारायण ठाकुर वडा अध्यक्ष	दोस्रो गाउसभा	१२७५
१९८।७६।३।३१	कमल देव यादब वडा अध्यक्ष	दोस्रो गाउसभा	१२७५
१९८।७६।३।३१	जलेश्वरी पासवान वडा अध्यक्ष	दोस्रो गाउसभा	१२७५
१९८।७६।३।३१	रेखा राम वडा अध्यक्ष	दोस्रो गाउसभा	१२७५

Scanned with CamScanner

१९८।७६।३।३१	जिपछी देवी राम का.पा. सदस्य	दोश्रो गाउसभा	१२७५
१९८।७६।३।३१	निभा कुमारी राम का.पा. सदस्य	दोश्रो गाउसभा	१२७५
१९८।७६।३।३१	श्याम सुन्दर पण्डीत का.पा. सदस्य	दोश्रो गाउसभा	१२७५
१९८।७६।३।३१	बलकिसुन खंग का.पा. सदस्य	दोश्रो गाउसभा	१२७५
१९८।७६।३।३१	फुलमहमद फकिर वडा सदस्य	दोश्रो गाउसभा	१२७५
१९८।७६।३।३१	मिरा देवी सदा वडा सदस्य	दोश्रो गाउसभा	१२७५
१९८।७६।३।३१	सोमनी खातुन वडा सदस्य	दोश्रो गाउसभा	१२७५
१९८।७६।३।३१	सेमु मुयिा वडा सदस्य	दोश्रो गाउसभा	१२७५
१९८।७६।३।३१	भुपेन्द्र कुमार यादव वडा सदस्य	दोश्रो गाउसभा	१२७५
१९८।७६।३।३१	ओम प्रकाश यादव वडा सदस्य	दोश्रो गाउसभा	१२७५
१९८।७६।३।३१	आन्द कुमार साह वडा सदस्य	दोश्रो गाउसभा	१२७५
१९८।७६।३।३१	बद्री मण्डल वडा सदस्य	दोश्रो गाउसभा	१२७५
१९८।७६।३।३१	राजेन्द्र प्रसाद साह वडा सदस्य	दोश्रो गाउसभा	१२७५
१९८।७६।३।३१	बचकुन मण्डल वडा सदस्य	दोश्रो गाउसभा	१२७५
१९८।७६।३।३१	रजोदेवी बरतनी वडा सदस्य	दोश्रो गाउसभा	१२७५
१९८।७६।३।३१	जीवन कुमार सिंह वडा सदस्य	दोश्रो गाउसभा	१२७५
१९८।७६।३।३१	जीपछी चमार्नी वडा सदस्य	दोश्रो गाउसभा	१२७५
१९८।७६।३।३१	किसुन सुतीहार वडा सदस्य	दोश्रो गाउसभा	१२७५
१९८।७६।३।३१	जहीला खातुन वडा सदस्य	दोश्रो गाउसभा	१२७५
१९८।७६।३।३१	धिरेन्द्र कुमार यादव प्र प्र अ	दोश्रो गाउसभा	१२७५
१९८।७६।३।३१	दिनेश कुमार यादव ना सु	दोश्रो गाउसभा	१२७५
१९८।७६।३।३१	रामबाबु यादव खरदार	दोश्रो गाउसभा	१२७५
१९८।७६।३।३१	सत्रीहन दास स ले प	दोश्रो गाउसभा	१२७५
१९८।७६।३।३१	रामचन्द्र यादव स्वास्थ्य संयोजक	दोश्रो गाउसभा	१२७५
१९८।७६।३।३१	बिभा झा अ न मी	दोश्रो गाउसभा	१२७५
१९८।७६।३।३१	बिरेन्द्र प्रसाद यादव मुखिद्या	दोश्रो गाउसभा	१२७५
१९८।७६।३।३१	मो मुस्तकिम प्रमुख स्वास्थ्य प्राबिधिक	दोश्रो गाउसभा	१२७५
१९८।७६।३।३१	रमाकान्त चौधरी इन्जीनियर	दोश्रो गाउसभा	१२७५
१९८।७६।३।३१	भुवनेश्वर प्रसाद यादव का स	दोश्रो गाउसभा	१२७५
१९८।७६।३।३१	धिरेन्द्र कुमार यादव का स	दोश्रो गाउसभा	१२७५
१९८।७६।३।३१	बिरेन्द्र कुमार मण्डल का स	दोश्रो गाउसभा	१२७५
१९१।७६।३।३१	पुष्पमाला कुमारी मण्डल उपाध्यक्ष	न्यायिक समितिको बैठक	७९८५०
१९१।७६।३।३१	ओम प्रकाश यादव	न्यायिक समितिको बैठक	३०६००
१९१।७६।३।३१	राजेन्द्र प्रसाद साह	न्यायिक समितिको बैठक	३०६००
		जम्मा	४७१२७५

७२. **दर्ताबेगरसँग खरिद** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ बमोजिम २०००० रकम भन्दा बढी मुल्यका सामान सेवा आपुर्ति गर्दा मु अ कर दर्तावालासँग करोबार मात्र गर्नु पर्नेमा गाउपालिकाले कम्प्युटर तालिम २१ जनालाई उपलब्ध गराए बापत सम्झौता बमोजिम कम्प्युटर तेक्नोलोजी राजबिराजलाई रु ४००००० कर बिजक बेगर भुक्तानी गरेकोमा नियमित नदेखिएको रु. ४०००००.००

७३. **गाडीभाडा** यस गाउपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत लगायतले सरकारी सवारी साधन मोटरसाइकल लिएको अवस्थामा गाडीभाडा भनी देहाय बमोजिम रु **१४२६२००** खर्च भएकोमा सिमित साधन स्रोत भएको यस गाउपालिकामा दोहोरो सुबिधा दिने गरी बजेट खर्च गर्नु उचित देखिएन ।

गो.भौ.नं.मिति	विवरण	खर्च रकम
४९।७५।९।१	गाडीभाडा	२४६०००
५०।७५।९।५	गाडीभाडा	११४०००
६१।७५।१०।९	गाडीभाडा	११४०००
७९।७५।११।७	गाडीभाडा	११४०००

Scanned with CamScanner

	७०।७५।११।२१	गाडीभाडा	१८००००		
	८९।७५।१२।६	गाडीभाडा	११४०००		
	१०२।७५।१।१९	गाडीभाडा	२१८२००		
	१०६।७६।१।२०	गाडीभाडा	६००००		
	१२९।७६।३।१	गाडीभाडा	१४८२००		
	१७१।७६।३।३१	गाडीभाडा	११७८००		
		जम्मा	**१४२६२००**		

७४. **तालिम सञ्चालनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५(१) मा स्थानीय तहले गैर सरकारी संघ, संस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक संस्थासँग सहकार्य गरी कार्य गर्न सक्ने व्यवस्था छ। यस्तो सहकार्यको संयुक्त अनुगमन गरी प्रगति प्रतिवेदन समेत बनाउने व्यवस्था ऐनको २५(२) मा समेत व्यवस्था छ। गाउपालिकाले यस आर्थिक वर्षमा विभिन्न संघ संस्थाहरुसँगको सहकार्यमा कार्य गरेको आधारमा देहायका तालिमहरु देहायका संस्थाहरुबाट सम्पन्न गरेको भनी खर्च लेखेको तर सो तालिमहरुको सञ्चालन, सहभागिता सम्पन्न एवं प्रभावकारीताको बारेमा अनुगमन गर्ने गरेको पाइएन। तत् सम्बन्धमा सुधार गर्नुपर्ने देखिन्छ।

गो.भौ नं मिति	आपूर्तक	बापत	खर्च रकम
१८०।७६।३।३१	चन्दा युवा कल्ब	कृषि प्रबिधि तथा तालिम	१२५०००
१८३।७६।३।३१	चन्दा युवा कल्ब	शिविर सञ्चालन	१०००००
१८४।७६।३।३१	सहयोगी नेपाल	महिनावारी तथा पोषण सम्बन्धी	२९०६००
१८५।७६।३।३१	चन्दा युवा कल्ब	तालिम	१०००००
		जम्मा	६१५६००

७५. **इन्धनको लगवुक**–आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) अनुसार खर्चको विल भरपाई सहितको लेखा राख्नु पर्दछ। कार्यालयले विभिन्न भौ न र मितिवाट कार्यालयको लागि इन्धन खरिद गरेवापत भुक्तानी गरेकोमा इन्धनको लगबुक राख्ने गरेको छैन। कार्यालयले सवारी साधनको लागि आवश्यकतानुसार इन्धन खर्च लेख्दा नियमावलीमा भएको व्यवस्था अनुसार सवारी साधनको लगबुक राखी नियमको पालना गर्नु पर्दछ।

७६. **ब.उ.सि.नं. ३६५०१५३ जेष्ठ नागरिक दीर्घसेवा सम्मान तथा सामाजिक सुरक्षा खर्च** :- सरकारले आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्ग क्षेत्र र समुदायका नागरीकलाई सामाजिक सुरक्षा कार्यक्रम मार्फत सामाजिक सुरक्षा प्रदान गर्दा देखिएका व्यहोरा देहाए अनुसार रहेका छन।

७७. **निकासा माग तथा पेश्किी फस्यौटः** अर्थ मन्त्रालयको मिति २०७४।५।३० को परिपत्र अनुसार दोश्रो चौमासिकको लागि निकासा माग गर्दा प्रथम चौमासिकको सम्पूर्ण हिसाव विवरण र तेश्रो चौमासिकको रकम निकासा माग गर्दा दोश्रो चौमासिकको सम्पूर्ण हिसाव विवरण कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गरी बास्तविक रकम मात्र माग गर्ने व्यवस्था छ। यस कार्यालयले सामाजिक सुरक्षाको रकम माग गर्दा mis अभिलेख पेश गरी निकासा लिई प्रथम किस्ता पेश्की फछ्र्यौट नै नगरी दोस्रो चौमासिक निकासा लिई पेश्की दिने गरेको र समयमा नै पेश्की फर्योट गरेको देखिएन। अतः कार्यालयले अर्थ मन्त्रालयको परिपत्र पालना गरी सामाजिक सुरक्षा रकम निकासा लिने तर्फ ध्यान दिनु पर्ने देखिन्छ

७८. **अभिलेख एकिनः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७५ को दफा १३ मा नाम दर्ता र नविकरणबाट आगामी आर्थिक बर्षका लागी कायम हुन आएका लाभग्राहीको बिवरण प्रत्यक स्थानिय निकायले फागुन मसान्त भित्र बिभागले सञ्चालनमा ल्याएको ब्यवस्थापन सुचना प्रणाली (एम आइ एस) मा अनिवार्य रुपमा प्रविष्टि गर्नु पर्ने छ। यसरी प्रविष्टि गर्ने कार्य समान्यत सम्बन्धित वडा कार्यालयको हुने छ। तर वडा कार्यालयमा साधन स्रोत तथा जनशक्तिको कमी भएमा स्थानिय तहले आवश्यक ब्यवस्था गर्ने छ भन्ने उल्लेख गरेको छ। यस गाउपालिका कार्यालय अर्न्तगत रहेका ६ वटा वडा कार्यालयको अभिलेख अनुसार प्रयाजसो जेष्ठ नागरिक तथा अन्य लाभग्राहीहरु नाम प्रविष्टि आर्थिक बर्ष २०७५।७६ मा गरेको र उल्लेखित ब्यक्तिहरुलाई नै यसै आर्थिक बर्षमा सामाजिक सुरक्षा

Scanned with CamScanner

भत्ता रकम बितरण गरेको देखिएकोले यस पालिकामा सामाजिक सुरक्षा भत्ता पाईराखेका लाभग्रहीको नामावली कार्यबिधि अनुसार एम.आइ.एस. मा प्रबिष्टि गरेको नदेखिएकोले सामाजिक सुरक्षा भत्ता वापत बितरण गरेको रकम वास्तबिक लाभग्राहीलाई बितरण गरेको हो वा होइन भन्न सकिने आधार देखिएन । यस सम्बन्धमा गाउपालिकाका कार्यालयले वास्तविक लाभग्राहीहरुको बिवरण एकिन गरी एम.आइ.एस. मा प्रविष्टि गरी मात्र भत्ता बितरण गर्नु पर्दछ ।

७९. **अनुगमन** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधि २०७५ को दफा २८ मा उपाध्यक्षको संयोजकमा ७ सदस्य रहेको एक अनुगमन तथा मुल्याङ्कन र प्रतिबेदन समिति रहने र उक्त समितिले समाजिक सुरक्षा भत्ता बितरणको नामदर्ता, नबिकरण, भत्ता बितरण, लाभग्राहीसँग भेटघाट तथा सुझाव संकलन र सार्वजनिक सुनाइको प्रतिबेदन अध्ययन गर्ने, सुझाव कार्यान्यन तथा गुनासो सम्बोधन भए नभएको समिक्षा गर्न, कार्यक्रम सम्बन्धमा अनियमिता भएको पाइएमा दोषी पहिचान गरी कारवाहीका लागी सिफारिस गर्न र सही ब्यक्तिलाई सही समयमा सही रकम प्रदान भए नभएको अध्ययन गरी गर्नु पर्ने बिषयमा सुझाब दिने र चौमासिक रुपमा बैठक बसी समितिले चौमासिक प्रतिबेदन अध्यक्ष समक्ष पेश गर्नु पर्ने ब्यवस्था छ । यस गाउँपालिकाले कार्यबिधिले ब्यवस्था गरे बमोजिम अनुगमन प्रतिबेदन लिएको देखिएन ।

८०. **भत्ता बितरण**-सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७५ को दफा १६(क) मा सम्बन्धित वडा कार्यालय मार्फत प्रथम किस्ता, असोज १ गतेबाट दोस्रो हप्ताभित्र,दोस्रो किस्ता माघ १ गतेबाट दोस्रो हप्ताभित्र र तेस्रो किस्ता जेठ १ गतेबाट दोस्रो हप्ताभित्र वितरण गरि सक्नु पर्ने ब्यवस्था छ । कार्यालयले भत्ता वितरणको लागि निर्धारित मिति भन्दा पछि प्रथम, दोश्रो, र तेस्रो किस्ता पेश्की लिएको देखिएकोले तोकिएको समय भित्र सामाजिक सुरक्षा रकम वितरण गरेको पाइएन ।

८१. **बैक मार्फत भत्ता**- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७५ को दफा २२ मा मन्त्रालयको स्वीकृती बिना हातहातै नगद भत्ता बितरण गर्न पाईने छैन ,भन्ने ब्यवस्था छ ।साथै स्थानिय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यबस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका २०७४ को बुदा नम्बर ३.५ मा नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम गर्नको लागी तलब भत्ता लगायत अन्य रकमहरु समेत बैंङ्क खाता मार्फत भुक्तानी गर्ने व्यबस्था मिलाउनु पर्नेछ भन्ने समेत व्यहोरा उल्लेख छ । यस पालिकाले नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम नगरी कार्यबिधिमा भएको ब्यवस्था बिपरीत मन्त्रालयको स्वीकृती बिना प्रथम र दोस्रो किस्ता र तेश्रो किस्ता रकम बैक खातामा नपठाई नगदै हातहातैमा ल्याप्चे सही छाप गराई भत्ता वितरण गरेकोले कार्यबिधिमा भएको ब्यवस्था पालना भएन ।

८२. बडा सचिव बासुदेव मण्डलले भौ नं. ३४ मिति ०७६।३।३१ मा सामाजिक सुरक्षा भत्ता वापतको पेश्की फछ्र्यौट रु २५३९२०० गर्नुपर्नेमा रु २५८३२०० गरिएकोले बढी फछ्र्यौट रकम रु ४४००० असुल गर्नुपर्ने देखिन्छ । — ४४०००

८३. **प्रधानमन्त्रि रोजगार कार्यक्रम** :सामाजिक सुरक्षा कार्यान्वयनमा कामका लागि रोजगार अन्तरगत यस गाउँपालिकाले, वेरोजगारको तथ्याङ्क संकलन गरी १६८ जना बिरोजगार युवाहरुलाई १८ दिनको बाटो मर्मत, निर्माण, बृक्षरोपण, सरसफइ जस्ता कार्यमा रोजगारी दिइ भुक्तानी दिएको छ । पुजि निर्माण हुने दिर्घकालीन प्रकृतिका कार्यमा कामका लागि रोजगार कार्यकम लागु गरीनु पर्छ ।

कामको विवरण	मुल्यांकन लागत	रोजगारी संख्या	रोजगारी दिन	भुक्तानी रकम	गो भौ नं
कुलो, सडक, बाटो मर्मत	५९९४६२.९	१३३	१-१०	४८२३६१	९
सरसफाई कुलो बाटो मर्मत	४९९९७७.८९	११६	१-८	३२९५०६	१०
मर्मत तथा सरसफाई	४९९९०७.५	१०३	३-७	३२३६५२	११
निर्माण तथा मर्मत	४९९९८३.५९	९०	६-१०	४११०१५	१२
निर्माण तथा संभार	४८९९७८	९७	४-८	३४४८३९	७
मर्मत, सरसफाई, निर्माण	४९९८२९.७४	७९	१-१०	३६०८६६	८
जम्मा	३०८९१३९.६२	६१८	३०८९७५७.६२	२२५२२३९	

८४. **शर्सत चालु**

Scanned with CamScanner

विद्यालयगत निकासा खाता : कार्यालयले प्रत्येक विद्यालयको स्थायी र अस्थायी दरबन्दी र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलव ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अद्यावधिक गरेको देखिएन । यसरी निकासाका रुपमा जाने तलव, भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिती स्पष्ट हुन सकेन । अत विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी सफ्टवेयरमा प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गरिनु पर्दछ ।

८५. **कट्टी रकम दाखिला:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा विल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । विद्यालयहरुले चौमासिक निकासा माग फाराम पेश गर्दा अघिल्लो चौमासिकको तलव भत्ता वित्तरण गर्दा कट्टी भएको सामाजिक सुरक्षा कर , पारिश्रमिक कर, ना.ल.कोष. , क.सं कोष कट्टी तथा सापटि कट्टी को सक्कल प्रमाण हाजिरी अभिलेख पेश गनुपर्ने मा सो गरेको छैन । यसबाट सम्बन्धित शिक्षकको नाममा सम्बन्धित निकायमा रकम जम्मा भएको छ भन्ने विश्वस्त आधार भएन ।

८६. **दरबन्दी मिलान:** शिक्षक दरवन्दी शिक्षा नियमावलीले व्यवस्था गरे अनुसार विद्यालयगत शिक्षकको दरवन्दी मिलान गर्नुपर्नेमा यस नगरपालिका कार्यालय सग जिल्ला शिक्षा इकाइ कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रा.वि., नि.मा.वि. र मा.बि. मा राहात समेत गरी जम्मा ९८ जना दरवन्दी मौज्दात देखिएता पनि गाउँपालिकाले विद्यालयको अवस्था, विद्यार्थीको अवस्था, विद्यार्थीको संख्या यकिन गरी दरवन्दी मिलान गरेको देखिएन । अत: यसरी दरवन्दी मिलान वेगर गाउँपालिकाले गरेको शिक्षकहरुको सरुवालाई विश्वसनीय छ भन्न सक्ने अवस्था र शिक्षक तलबको लागी निकासा दिएको रु ३६९०३६८९।००. वास्तविक खर्च हो भनी यकिन गर्न सकिएन ।

८७. **शिक्षक तलबी प्रतिवेदन :-** शिक्षा मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ अनुसार स्थानीय तहले सम्बन्धित स्थानीय तह अर्न्तगतका विद्यालयहरुमा तत्काल रहेको शिक्षकहरुको दरबन्दी सम्बन्धी विवरण सम्बन्धित जिल्ला शिक्षा कार्यालयबाट यकिन गर्नुपर्ने उल्लेख छ। साथै सोको आधारमा विवरणमा उल्लेखित शिक्षकहरुको तलबी प्रतिवेदन शिक्षक किताबखानाबाट पारित गराएर मात्रै सोको आधारमा विद्यालयको तलबी माग फारम समेत रुजु गरी शिक्षक तलब सम्बन्धित विद्यालयको खातामा निकासा दिनुपर्ने व्यवस्था छ । गाउपालिकाले यो वर्ष गाउँपालिका अर्न्तगतका विभिन्न १९ विद्यालय अर्न्तगतका स्थायी र अस्थायी शिक्षक, राहत शिक्षकको तलब भत्तामा मात्रै रु. ३६९०३६८९।०० खर्च गरेको छ । कार्यालयले शिक्षकहरुको तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाइएकोले शिक्षकहरुको तलब, ग्रेड रकम एवं भत्ता खर्च यकिन गर्न सकिएन । अत: तलबी प्रतिवेदन पारित गरेर मात्रै खर्च गर्नुपर्ने देखिन्छ ।

८८. **दिवा खाजा :** कार्यक्रम कार्यान्यन पुस्तिका २०७५।७६ को क्रियाकलाप नं २.१५.११.७६१(२) मा उल्लेख गरे अनुसार दिवा खाजा अनुदान निकासा दिदा बिद्यालय संचालन भएको दिनलाई आधार मानेर निकासा दिने । स्थानिय तहले दिवा खाजा उपलब्ध गराएको बिद्यालयको बिद्यार्थी दैनिकी हाजिर पुस्तिकाको प्रतिलिपी बिदालयका प्रध्यापक र बिद्यालय ब्यबस्थापन समिति अध्यक्षबाट प्रमाणित गराइ स्थानिय तहमा संकलन गरी ,संख्या एकिन भए पश्चात मात्र थप निकासा दिने ब्यवस्था मिलाउने उल्लेख गरेको छ । यस कार्यालयले एकमुष्ट १५ वटा पछि १० वटा बिद्यालयको खातामा निकासा दिएको रु.३०४०८०७ ।को हालसम्म बिद्यार्थी बिवरण र हाजिरीको बिवरण गाउपालिका कार्यालयमा पेश गरेको देखिएन । यसले गर्दा कुन बिद्यालयमा कति दिवा खाजामा खर्च भएको छ भनी एकिन गर्नृ सकिने आधार देखिएन । अत गाउँपालिका कार्यालयले बिद्यालयले ८ महिनामा १८० दिन नबढने गरी हाजिरी र परिक्षामा सहभागी भएका बिद्यार्थीको बिवरण लिई खर्च एकिन गरी बाकी रहेको रकम संघिय सरकारको संचित कोषमा दाखिला गर्नु पर्ने रु ३०४०८०७

गो. भौ. नं. मिति	बिबरण	रकम
५।२०७६।२।५	१५वटा बिद्यालय माघदेखि बैशाख	१८९३९९७.००
८।२०७६।३।२०	१० बटा बिद्यालय जेठ आषाढ	११४६८१०
	जम्मा	३०४०८०७

८९. **अनुदान-** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) अनुसार खर्चको बिल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । गाउपालिकाले देहायबमोजिम बुक कर्नर,आइ.सी.टी. वापत

Scanned with CamScanner

बिद्यालयलाइ अनुदान दिएकोमा उक्त अनुदान रकमको बिल भरपाई पेश नभएबाट अनुदान बापतको रकम तोकिएको कार्यमा खर्च भएको बिल भरपाई पेश हुनु पर्ने रु. १०४७४००

गोश्वरा भौचर नंबर	बिवरण	रकम
१२।२०७६।३।२५	आइ.सी.टी	६५००००.००
	बुक कर्नर १–५	४४७००.००
	बुक कर्नर ६–१०	३१८२००.००
	बुक कर्नर ११–१२	३४५००
	जम्मा	१०४७४००

१०. **सामुदायीक बिदालयको गुणस्तर:** सामुदायीक बिद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्र पठाउने र सोको कार्यानयन गरी बिद्यालयमा शैक्षिक गुस्तर सुधार गर्ने ब्यवस्था छ । यस गाउँपालिकाले आ.वा. २०७५।७६ बिद्यालयको शैक्षिक गुणस्तरको बारे अनुगमन गरेको प्रतिबेदन कार्यालय संग देखिएन । अत गाउँपालिका कार्यालयले आफनो अन्तरगतका बिद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

११. **निजी बिदालयको शुल्क निधारण:** निजी बिद्यालयहरुको शुल्क निधारण स्थितीको अनुगमन प्रतिबेदन तयार गरी शुल्कको बारे एकिन गरी बिधालयको शुल्कमा सुधार गरी शैक्षिक सुधार गर्नु पर्ने ब्यवस्था छ । यस गाउँपालिकाले आ.व. २०७५।७६ बिद्यालयको शुल्क निधारण बारे अनुगमन गरेको प्रतिबेदन कार्यालय संग देखिएन । अत गाउँपालिका कार्यालयले आफनो अन्तरगतका बिद्यालयहरुको शुल्क निधारण बारे अनुगमन गर्नतर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

१२. **औषधि खरिद एवं भण्डारण:** प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधीहरुको म्याद कम्तीमा १८ महिना हुनुपर्ने उल्लेख गर्नुपर्दछ । कार्यालयले यस वर्ष गाउपालिकाले बित्तिय चालु सशत समेतबाट बाट औषधी खरिद गरेकोमा देखिएका ब्यहोरा निम्न अनुसार रहेका छन :

क) स्टोर दाखिला गर्दा प्रत्येक औषधीको Manufacture Date, Expiry Date, Batch no, Manufacture Company खुलाई औषधी खरिद र नेपाल सरकारबाट निशुल्क बितरणको लागी भन्ने बाक्यांश उल्लेख गर्नुपर्नेमा सो गरेको पाइएन ।

ख) आपूर्तिकर्ता बाट खरिद हुने औषधी तथा औषधी जन्य सामाग्रीको Expiry date स्टोर दाखिला समय सम्म कम्तिमा १८ महिना बाँकी हुनु पर्दछ । तर कुनै औषधी १८ महिना भन्दा कम भएका expiry date हुने भएमा उक्त अवधिको ७५ प्रतिशत म्याद बाँकी भएको हुनु पर्नेमा औषधीहरुको expiry date बिलमा वा लिष्टमा उल्लेख भएको पाइएन ।

कार्यालयले खरिद भएका औषधीको म्याद चेक जाँच गरी निर्देशिका बमोजिम भण्डारण एवं दाखिला गर्नुपर्दछ ।

१३. **फिल्ड भत्ता**-नेपाल सरकार सार्बजनिक खर्चमा मितब्ययिता र प्रभावकारीता कार्यक्रम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन २०७५ को २६ अनुसार महंगी भत्ता र स्थानीय भत्ता बाहेक अरु सबै भत्ताहरु खारेज भएकोमा कार्यालयले भौन ८ मिति २०७६।३।३१ बाट स्वास्थ्यसेवाका कर्मचारीहरुलाई आर्थिक वर्ष २०७५।७६ कोफिल्ड भत्ता बापत १२ जना कर्मचारीलाइ भुक्तानी गरी खर्च लेखेकोमा नेपाल सरकारले खारेज गरी सकेको फिल्ड भत्ता भुक्तानी गर्न नमिल्नेमा फिल्ड भत्ता भुक्तानी गरेको रु. २१६०००.००

१४. **बिल भरपाई** – आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) अनुसार खर्चको बिल भरपाई सहितको लेखा राख्नु पर्ने ब्यवस्था छ । कार्यालयले निम्न कार्यको लागि रकम खर्च गरेकोमा उक्त खर्चको बिल भरपाई पेश नभएको रु २५०००.००

गो.भौ. नं.	बिबरण	रकम
८२०७६।३।३१	स्यानीटरी प्याड ५००थान सम्बन्धितले बुझेको भरपाइ नभएको	२५०००
	जम्मा	२५०००

Scanned with CamScanner

९५. बैधनाथ शहनिको गो .भौ. नं ६।२०७६।३।११ बाट पेश्की रु ४७९,०००।०० फछ्यौट गर्दा रु ४५९,८४७ को मात्र बिल भरपाइ फाइबारीमा भएकोले असुल गर्नुपर्ने — १९१५३.००

९६. नविकरण उर्जा कार्यक्रम बापत जियो टेक कन्सल्टेण्टलाइ सम्भाव्यता बापत रु २१९,४६१ भुक्तानी गरेकोमा प्रतिबेदन प्राप्त तथा दाखिला नभएको — २१९,४६१.००

९७. **आन्तरिक लेखापरिक्षण:** आन्तरिक लेखापरिक्षणबाट औंल्याएको बेरुजु आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार अन्तिम लेखापरिक्षण हुनु अगाडी नियमित तथा असूल/फछ्यौट गरिसक्नुपर्ने व्यवस्था अनुसार फछ्यौट नभएका निम्नानुसार व्यहोरा कायम गरिएको छ:

१)समयमा पेश्की फछ्यौट नभएको र गाउपालिकाको चल अचल सम्पतिको लगत मुल्याङ्कन नभएको ।

२)बिल भरपाइ सम्बन्धित कर्मचारी र कार्यालय प्रमुखबाट प्रमाणित नभएको ।

३)उपभोक्ता समिति मार्फत सञ्चालन भएका योजनाको मर्मत सम्भार र जिम्मेवारी सहित उपभोक्ता समितिलाइ हस्तानतरण नगरेको ।

४)मेशिनरी औजार तथा अन्य खरिदमा सम्बन्धित फर्म वा संस्थालाइ भुक्तानी दिनुपर्नेमा कर्मचारीलाइ पेश्कि दिएर खरिद गरेको ।

५)ना.प्रा. स्व.प्रा हेमनारायण पौडेलको गो.भौ.न. ६ को पे.फ.मा रु ४८९०००।०० बराबरको बाख्रा र अनिता भारतीको पे.फ.मा १८०००९। को खरिद दरभाउपत्र माग नगरी सिधै खरिद गरेको रु — ६६९००९

९८. यस डोर मुकामको च.नं. ३७(२) मिति ०७६।१०।५ को पत्रबाट माग गरिएको विवरण मध्ये निम्नानुसार विवरण प्राप्त नभएकोले सो बारेमा विश्लेषण गर्न सकिएन ।

फारम नंबर	बिबरण
फारम नं. १०	बार्षिक लक्ष्य तथा प्रगति
फारम नं. ११	अन्य प्रयोजनको खर्च
फारम नं. १२	कोष सम्बन्धी विवरण
फारम नं. १३	कानुन र मापदण्ड बेगरको सुबिधा
फारम नं. १७	थप सुविधाका विवरण
फारम नं. २१	आन्तरिक आम्दानी तर्फ मु अ कर असुलीको स्थिति
फारम नं. २२	कर, दस्तुर, सेवा शुल्क र भाडाको ठेक्का सम्बन्धी विवरण
फारम नं. २३	असुल गर्न बाँकी आय
फारम नं. २४	आर्थिक सहायता, भैपरी आउने र प्रशासनिक खर्चको विवरण
फारम नं. २५	२०७५।२०७६ सम्मको एकिकृत पेश्कीको विवरण
	आर्थिक कारोबार घोषण फारम

९९. अनुगमन तथा मूल्याङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :

रु हजारमा

गत वर्षको बेरुजु रकम (रु.) (A)	यो वर्ष फछ्यौट (B)	बाँकी (C= A-B)
८२०५०	०	८२०५०

फछ्यौट सम्बन्धमा निम्न व्यहोरा देखिएका छन् ।

(D)............

अद्यावधिक बेरुजु स्थिति : ....पालिकाको आर्थिक वर्ष २०७५।७६ सम्मको फछ्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

रु हजारमा

गत वर्षसम्मको फछ्यौट गर्न बाँकी (रु.) (c)	यो वर्षको सं प.बाट कायम बेरुजु रु. (D)	यो वर्षको कायम बेरुजु रु. (E)	बाँकी (F= C+D+E)
८२०५०	०	४५५०८	१२७५५८

उल्लेखित ऐन बमोजिम फछ्यौट गर्न बाँकी सम्पूर्ण असुल फछ्यौट गरिनुपर्दछ ।

लेखापरिक्षणमा संलग्न कर्मचारीहरुको विवरण:

सि.नं	नाम	पद	दस्तुखत
१	श्री नारायण प्रसाद अधिकारी	लेखापरिक्षण अधिकारी	
२	श्री भीम बहादुर तामाङ	लेखापरिक्षण अधिकारी	